# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको परिचय :

नेपाल एक वहुजातिय, वहुधार्मिक, वहुभाषिक, वहुसाँस्कृतिक सार्वभौमसत्ता सम्पन्न लोकतन्त्रात्मक राज्य हो । दुई विशाल छिमेकी राष्ट्र भारत र चीनको बीचमा अवस्थित एक भुपरिवेष्ठित मुलुक भएका कारण नै पृथ्वीनारायण शाहले यसलाई दुई ढुङ्गा बीचको तरुलको संज्ञा दिएको हुनुपर्छ ।

विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्धको पवित्र जन्म स्थल नेपाल पृथ्वीको उत्तरी गोलार्धमा सबैभन्दा ठूलो महादेश एशियाको मध्य भागमा अवस्थित छ । यस देशको भौगोलिक स्थिति २६ डिग्री.२०' देखि ३० डिग्री.२६' उत्तरी अक्षांश र ८० डिग्री.१४' देखि ८८ डिग्री.८४' पूर्वी देशान्तर सम्म फैलिएर रहेको छ । यसको कूल क्षेत्रफल १,४७,१८१ को कि.मी रहेको छ ।[१] यो क्षेत्रफल विश्वको कूल क्षेत्रफल को ०.०३ प्रतिशत र एशिया महादेशको ०.३ प्रतिशत हुन आउँछ । सानो क्षेत्रफल भए पनि यहाँ समुद्री सतहबाट ६० मीटर देखि विश्वकै अग्लो सगरमाथा ८,८८४ मीटर उचाई सम्मको भू-भाग रहेको छ । वनौटका हिसाबले यस देशको उत्तरी सिमानामा गगनचुम्वी हिमश्रृंखला, दक्षिणमा समतल मैदान र मध्य भागमा पूर्व पश्चिम फैलिएर रहेको पहाडी श्रृंखला, भञ्ज्याङ्ग, खोच, टार, उपत्यका रहेका छन् ।

बि.सं.२०५८ सालको जनगणना वमोजिम तथ्याङ्क विभागको तथ्याङ्क बमोजिम नेपाल १०२ विभिन्न सांस्कृतिक चरित्र बोकेका जात-जातिहरुको साझा चौतारी हो । नृतात्विक दृष्टिले शुक्ष्म रुपमा अध्ययन गर्दा नेपालमा प्रधानतः छ प्रकारका जातिको अस्तित्व पाइन्छ । ती क्रमशः नेग्रिटो, आग्नेय,

[१] बसन्त बिडारी, **लुम्बिनी विकन्स**, लुम्बिनी : लेखकस्वयं, सन् २००९ ।

.

मङ्गोल-किराँत, द्रविड, पश्चिमी वृत्तमुण्ड र आर्य वा नार्डिक हुन् ।[२] नेपालमा विभिन्न सामाजिक राजनैतिक घटनाक्रम वा शासक वंशको उदय र पतनका घटना क्रमलाई लिएर हेर्दा पनि यहाँ नीप समुह अन्तरगतका गोपाल वंश त्यसपछी आभीर, किराँत, लिच्छवी, ठकूरी मल्ल हुदै शाह वंश सम्म आई पुगिन्छ ।[३] नेपाल प्राचिन समयदेखि नै विभिन्न प्रकारका विशेषता भएका मानव प्रजातिको बसोबास स्थलको रुपमा विकास भएको देखिन्छ। यस तथ्यले पनि यहाँको जातीय विविधतालाई पुष्टि गर्दछ। विभिन्न क्षेत्रबाट अनेक वंश तथा जात जातिका मानिसहरु नेपालमा आएर समिश्रण हुने क्रमले गर्दा यहाँको भाषिक, धार्मिक, सांस्कृतिक एवं जातीय वहुलतालाई निकै मलजल पुऱ्याएको देखिन्छ।

नेपालमा तामाङ समुदायको मुख्य थलो पश्चिम नेपालको त्रिशुली र बुढी गण्डकी नदी वीचको गणेश हिमालको दक्षिणपट्टीको भू भाग हो । जहाँ संस्कृति र संस्कारको आजसम्म पनि सुरक्षित छ । तामाङङको पुर्ख्यौली थलो लिब्बतको केरुङ्गक्षेत्र हो । त्यहींवाट तामाङङहरु भोटेकोशी, त्रिशुली हुँदै, धादिङ्ग तिर झरेका हुन् । नेपालको विभिन्न भौगोलिक क्षेत्रमा छरिएर रहेका जाति तथा जनजातिहरुको आफ्नै मौलिक भाषा, धर्म र संस्कृति रहेको पाइन्छ। यसैकारण नेपाल एक बहु-सांस्कृतिक बहुभाषिक, बहुजातीय देशको रुपमा चिनिएको छ। यस्ता विभिन्न जाति तथा जनजातिहरुमध्ये तामाङ पनि एक हो। यो जातिको शारिरिक बनौटमा मझौला उचाई, थेप्चो नाक, कालो अनुहार, केही उठेको गाला, कालो एवं सानो आँखा, पातलो तर मध्यम खालको कान, गहुँगोरो वर्ण, मझौला कद, कालो कपाल र आँखीभौं तथा पातलो दाह्री भएको हुन्छ । राष्ट्रिय जनगणना वि.सं. २०५८ अनुसार नेपालमा कूल तामाङ जातिको संख्या १२,८२,३०४ रहेको छ जुन कूल जनसंख्याको ५.६४ प्रतिशत हुन आउँछ । त्यसैगरी तामाङ भाषालाई मातृ भाषाको रुपमा बोल्ने तामाङङको संख्या ११,७९,१४५ अर्थात् ५.१९ प्रतिशत रहेको केन्द्रिय तथ्याङ्क विभागले जनाएको छ।

सन् १९५० पछि नेपालको सम्पर्क बाह्रय विश्वसँग भयो। लोककल्याणकारी प्रजातान्त्रिक मूल्य मान्यताहरुले विश्वको काँचुली फेरिसकेको अवस्थामा नेपालले भर्खर मुहार देख्न पाएको हुँदा आफ्नो क्षमता, हैसियतले आफ्नो सभ्यतालाई विश्व सामु परिचित गराउन सम्पूर्ण सांस्कृतिक यथास्थितिको धरोहहरलाई कायम राख्दै खुल्ला नीति अवलम्वन गऱ्यो । फलस्वरुप विभिन्न देशका अनुसन्धानकर्ता

[२] जनकलाल शर्मा, **हाम्रो समाज एक अध्ययन,** (ललितपुर : साझा प्रकाशन), २०३९, पृ. ३८ ।

[३] प्रेम कुमार खत्री, **नेपाली संस्कृतिः एक परिशीलन,** (गोष्ठी पत्र), २०६२ असार १५, पृ. ३ ।

तथा बिद्धानबाट नेपाली जाति, जनजाति, भाषा संस्कृतिको अध्ययन तथा अनुसन्धान गरेका छन् । समग्ररुपमा भन्नु पर्दा यहाँ पनि विस्तृत रुपमा सबै जातिहरुको अध्ययन तथा अनुसन्धान भएको पाइदैन तर यसको अध्ययन हुनु जरुरी छ ।

**१.२ समस्या कथन** :

नेपालमा विभिन्न समुदायहरु वसोवास गर्दै आइरहेका छन् । यी जाती तथा जनजातिहरुको आफ्नै किसिमको रीतिरिवाज, भाषा, संस्कृति र रहनसहन  पाइन्छ । यी विभिन्न जातजाति तथा जनजातिको अध्ययन तथा अनुसन्धान सुक्ष्म सांस्कृतिक दिष्टिकोणले राम्रोसँग गरेको पाइदैन । तसर्थ समग्र देशको विकास गर्नको लागि हरेक जाति तथा जनजातिहरुको जानकारी हुनु आवश्यक छ ।

विकासको बाटोमा कतिपय जातिहरु अगाडी छन् तर त्यसको दाँजोमा अन्य जातिहरु प्रतिस्पर्धामा अगाडी जानसकेका छैनन् । यसरी पिछडीएको जनजातिहरुलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन जरुरी छ । जसका लागि उनीहरुका बारेमा पूर्ण जानकारी हुनु सम्पुर्ण जनजातिहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक पक्षमा अध्ययन हुनु आवश्यक छ । वर्तमान सन्दर्भमा नेपालको काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं ७ मा बस्ने तामाङ समुदायलाई लिई उक्त जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको बारेमा सीमित रही अध्ययन तथा अनुसन्धान गरिएको छ ।

ऐतिहासिक रुपबाट काठमाण्डौ उपत्यका लगायत वरपरका तथा छेउछाउका भागमा र केही प्रतिशत तामाङ समुदाय तराईका वरपर वसोवास गरेको पाईन्छ । तामाङ समुदायमा आफ्नै किसिमको सामाजिक रीतिरिवाज, संस्कृति, रहनसहन र मुल्य मान्यता रहेका छन् । नेपालको फरक-फरक भौगोलिक विविधताका कारण हिमाल, पहाड, तराईमा वसोवास गर्ने तामाङ समुदायको भेषभुषा, संस्कृति र रहन सहनमा पनि विविधता पाइएको छ । तामाङङहरुको प्रायःजसो संस्कृति, भेषभुषा, धर्ममा आधुनिकिकरणको प्रभाव परेको पाइन्छ । उनीहरुको परम्परागत संस्कृति, रीतिरिवाज व्यवसाय, पेशा र चालचलनमा परिवर्तन हुँदै गइरहेको छ । समाजमा रहेका यस्ता परम्परागत रीतिरिवाजलाई परिवर्तन, वचावट, उत्थान एवं उचित संरक्षण गर्नको लागि जनचेतनामूलक तथा प्रभावकारी कार्यक्रमहरुको आवश्यकता रहेको छ ।

विशेषगरी तामाङ समुदाय उपत्यकाको वरीपरीको पहाडी ठाउँहरु काठमाण्डौ, रसुवा, धादिङ, सिन्धुपाल्चोक, मकवानपुर, सिन्धुली, रामेछाप, नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लाहरुमा पाईन्छ ।[४] यस अध्ययनको अध्ययन क्षेत्र काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स. को वडा नं. ७ मा अवस्थित तामाङ बस्ती लाइ लिइएको छ । कूल घरधुरी संख्या २५ रहेको यहाँका तामाङको कूल संख्या २१६ रहेको छ । संयुक्त परिवार ९ र बाँकी १६ परिवार एकात्मक रहेको यस वस्तीमा ९० महिला र १२६ पुरुष छन् । शैक्षिक स्थिति त्यति सन्तोषजनक छैन किनकि स्नातक तहमा अध्ययनरत २ जना, प्रविणता प्रमाणपत्र तहमा अध्ययनरत ५ जना र एस.एल.सी. उत्तीर्ण २३ जना बाहेक अन्यको शैक्षिक स्थिति साक्षर तथा निरक्षर रहेको छ । दशैं, तिहार, ल्होसार, वुद्ध जयन्ती जस्ता चाडपर्व एवं जन्म, नामाकरण, अन्नप्रशन, छेवर, मृत्यु जस्ता संस्कार रहेका छन् । शिक्षा तथा चेतनाको क्रमशः विकास तथा बाह्य समाजको सम्पर्कका कारण यिनीहरु परम्परागत सोचाइ परिवर्तन गर्दै आफूलाई समयानुकलु बनाउने प्रयास गर्दैछन् जसले गर्दा यिनीहरुको चाडपर्व, संस्कार आदिमा परिवर्तनहरु देखा पर्दै गएको देखिन्छ । तसर्थ तामाङ जातिहरुको उत्थानको लागि पनि ती जातिको सामाजिक सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन तथा अनुसन्धान हुनु जरुरी छ । यसरी यस अध्ययनमा तामाङ जातिको परापूर्वकालदेखि चलि आएको परम्परागत रीतिरिवाज, रहनसहन, संस्कारको पक्षमा आएको परिवर्तनहरु तथा असरहरु त्यसको कारणको जानकारी लिने प्रयास गरिएको छ । साथै यस अध्ययनले हाल अनुत्तिरित प्रश्नका रुपमा रहस्यका गर्भमा रहेका संभावित उत्तरहरु माथिका निम्न प्रश्नहरुलाई समस्याको रुपमा लिएको छ ।

क) जोरपाटी गा.वि.स.का तामाङ समुदायको वर्तमान सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको वारेमा जानकारी नहुनु ।

ख) त्यहाँका तामाङ समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा आएको परिवर्तन र ती परीवर्तन हुनुका कारणहरुको वारेमा थाहा नपाईनु ।

ग) त्यस गा.वि.स.का तामाङ समुदायको जानकारीमुलक तथ्यहरु प्रकाशमा नआउनु ।

[४] तामाङ, परशुराम, **तामाङ जाति**, (काठमाडौ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान) , २०५१,पृष्ठ १८

## १.३ अध्ययनको उद्देश्य :

नेपाल एक दशक लामो शसस्त्र द्वन्दबाट क्षतविक्षत भइ विस्तारै शान्तिको दिशातर्फ अग्रसर हुन लागेको मुलुक हो । जननिर्वाचित संविधानसभा मार्फत नयाँ संविधान निर्माण गर्ने क्रममा रहेको यस मुलुकका सामु दिगो शान्ति स्थापना गर्दै लोकतान्त्रिक पद्धतीलाई संस्थागत गरी सबै जातजातिको पहुँच राज्यका सबै तहहरुमा पुऱ्याउनु पर्ने चुनौती रहेको छ । लामो समयदेखि चल्दै आएको एकात्मक केन्द्रीकृत राज्यसत्ता एवं राजतन्त्रको अन्त गरी मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको अवस्था छ । राज्य पुनर्संरचना गर्दा यहाँका आदिवासी जनजाति, मधेशीलाई केन्द्रमा राखी गरिने कुरा नेपालको अन्तरिम संविधान-२०६३ मा समेत उल्लेख गरिएको छ ।[५] तामाङ समुदायको सामाजिक,सांस्कृतिक आर्थिक पक्षमा विस्तृत अध्ययन अनुसन्धान गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ । यस अध्ययनका निम्न उद्देश्यहरु छन् ।

क) अध्ययन क्षेत्रका तामाङ समुदायको सामाजिक तथा सांस्कृतिक अवस्था माथि प्रकाश पार्नु,

ख) उनीहरुको आर्थिक पक्षको अध्ययन गर्नु,

ग) उनीहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा आएका परिवर्तन र ती परिवर्तनको कारणहरु पत्ता लगाउनु ।

## १.४ पूर्व साहित्य समीक्षा :

वि.सं. २००७ सालमा प्रजातान्त्रको आगमन पश्चात नेपाली समाजमा जाति तथा जनजातिहरुको समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन एवं अनुसन्धान शुरुवात भएको पाइन्छ । यस्ता अनुसन्धानहरु मुख्यत उच्च हिमाली र पहाडी क्षेत्रमा बसोबास गर्ने शेर्पा, तामाङङ, मगर, गुरुङ्ग, राई, लिम्बू, नेवार, चेपाङ्ग, राउटे, आदिका वारेमा सतहीस्तरमा स्नातकोत्तर तह स्तरको अनुसन्धान प्रसस्त मात्रामा भएका भएपनि ती जातिका वारेमा सुक्ष्म रुपमा सांस्कृतिक अनुसन्धान भने हालसम्म हुन सकेको छैन । क्षेत्रफलको दृष्टिकाणले नेपाल सानो भएतापनि जनजाति र संस्कृतिका दृष्टिकोणले नेपाल ठूलो र धनी देश मानिन्छ । नेपालमा विद्यमान यो प्रमुख विशेषताले गर्दा स्वदेशी मात्र नभई विदेशी अन्वेषणकर्ताहरु समेत यो देश प्रति आकर्षित भएका छन् । करिब १८ औ शताब्दीको

[५] परशुराम तामाङङ, **नयाँ संविधान र अल्पसंख्यक आदिवासी जनजाति**, (काठमाडौं : विविध पुस्तक भण्डार), २०६६, पृ. १८० ।

अन्त्यतिरबाट नेपालमा बसोबास गर्ने जातिको छिटफुट अध्ययन एवं अनुसन्धान विदेशी शोधकर्ता जस्तै फादर जिसेप, कर्कप्याट्रिक, हडसन् ह्रयामिल्टन आदि विदेशी अनुसन्धानकर्ता ले गरेको पाईन्छ ।

डोर वहादुर विष्ट, **सवै जातको फूलवारी** ,वि.सं.२०३० ।

नेपालका जात जातिहरु वारे अध्ययन गरी प्रकाशनमा आएका **सवै जातको फूलवारी**मा विभिन्न जात जातिहरुका वारेमा उल्लेख गरिएको छ । नेपालको प्राचीन वासिन्दा तामाङ समुदाय काठमाण्डौ उपत्यकाको छेउछाउका पहाडी भूभागमा बसोवास गर्दछन् । राज्यको तत्कालीन नीतिका कारणले पिछडिन पुगेको जाति हो । राणा शासनको समयमा भारी वोक्ने काम गर्न बाध्य पारिएका तामाङहरुको आर्थिक अवस्था अझै कमजोर नै रहेको छ । तामाङ समुदाय भित्र पनि बिभिन्न थरहरु जस्तै गोले,योञ्जन ,लोप्चन,ब्लोन,दोङ,मोक्तान आदि रहेका पाईन्छ । तिब्बती लामा बौद्ध धर्म मान्ने तामाङहरु धर्मिक रुपमा त्यती कट्टर रहेको नपाईने कुरा उल्लेख गरेकाछन् । बिहेवारीमा फुपू चेला/चेली ,मामा चेला/चेली दुवै बिवाह गर्ने गर्दछन् । त्यस्तै विवाह नभएको भाइले दाजु अकालमा मरे भाउजु स्याहार्ने प्रचलन पनि रहेको पाईन्छ । धार्मिक आस्थालाई प्रकट गर्ने मानेहरु तामाङ वस्तीहरुमा यथेष्ट मात्रामा देख्न सकिन्छ ।

नगेन्द्र शर्मा, **नेपाली जनजीवन** ,वि.सं.२०३२ ।

नेपालमा वसोवास गर्ने विभिन्न जातजातिहरु बारे प्रकाश पार्ने यस ग्रन्थमा तामाङ समुदायलाई मुर्मी पनि भनिने कुरा उल्लेख गरिएको छ । “मुर” को अर्थ सीमाना र “मी” को अर्थ मानिस भएकोले मुर्मी भनेर तामाङ समुदायलाई सीमानामा वसोवास गर्ने समुदायको रुपमा समेत सम्वोधन गर्ने गरिएको कुरा यस ग्रन्थमा उल्लेखित छ । तामाङ समुदायलाई ब्यवस्थित पार्न परम्परागत संगठन रहेको पाईन्छ । यस जातिमा बच्चाको नामाकरण ३ दिनमा गर्ने गरिन्छ । विवाह गर्दा लमीको काम तम्बाले गर्ने गर्दछन् । अविवाहित तामाङ चेली गर्भवती भए पनि तामाङ समाजले त्यसलाई सहज रुपले स्विकार गर्नुको साथै जो सँगको सम्वन्धवाट गर्भ रहेको हो उसले विवाह गर्न नचाहे पनि आपत्ति मानिदैन । जुन केटा अघि सर्छ उसै सँग घरजम हुन सक्छ । यस समुदायमा परम्परागत वाजा डम्फु र तामाङसेलो नाच अत्यन्तनै प्रचलित छ ।

जनकलाल शर्मा,, **हाम्रो समाज एक अध्ययन,** वि.सं. २०३९ ।

नेपालको तामाङ भन्नासाथ बौद्ध धर्ममा आस्था राख्ने श्रमजीवि र हँसिला प्रकृतिका नेपालका पुराना बासिन्दा मध्ये एक समुहको स्मरण हुन्छ । धार्मीक दृष्टिकोणले भोटतिरको अर्थात् उत्तरतिरको प्रकृति यिनीहरुमा देखिएपनि रहनसहनमा ठेट पहाडियापन यिनमा देखिन्छ । तामाङङहरुको सामुहिक रुपमा बौद्ध धर्म मान्दछन् । यिनीहरुले मान्ने गरेको बौद्ध धर्म तिब्बतमा चलेको निङमापा सम्प्रदायमा आधारित धर्म हो । तामाङ जातिको समाजलाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आफ्नै परम्परागत संगठन रहेको हुन्छ ।  यसै संगठनले तामाङ समुदायलाई सञ्चालन गर्ने गर्दछन् । त्यसैगरी कतिपय तामाङहरुले बोन धर्म पनि मान्ने गर्दछन् । मागी विवाह, प्रेम विवाह, चोरी विवाह, जारी विवाह र विधवा विवाहलाई यस जातिले स्विकृति दिएको पाईन्छ । यिनीहरुको प्रसिद्ध लोकवाजा डम्फु हो ।

परशुराम तामाङ**, तामाङ जाति**, वि.सं. २०५१ ।

तामाङ समुदायका आफ्नै भाषा, तामहिक लिपि रहेको छ । तामाङ भाषा  तिब्बती  भोट-बर्मेली भाषा परिवारको मध्ये पहाडी भाषा हो । अन्य भोट-बर्मेली भाषाका तुलनामा तामाङ जातिको सहजातिय सम्बन्ध गुरुङ्ग, मनाङ्गे, थकाली, भाषासँग नजिक रहेको देखिन्छ । काठमाडौं उपत्यकामा महाचीनबाट आफ्ना शिष्यहरुका साथ आएका मञ्जुश्रीले चोभार डाँडा काटी उपत्यकाको पानी बाहिर पठाई बस्ती बसाएको कुरा वंशावलीमा पाइन्छ । यो कथनलाई एशियाका पुरातत्वविद डा. एनातोली याकोले र रोन्टेकोले २०३४ सालमा वुढानिलकण्ठको पुर्व–दक्षिणतिरको धोवीखोलामा पुरातत्वविदका अवशेषहरुको खोजी गर्दा ईशापूर्व (३०,०००) तीस हजार वर्ष भन्दा अगाडिका भौगोलिक नमुनाका ढुङ्गे हतियारहरु फेला पारेको तथ्यले काठमाडौ उपत्यकामा मंगोलियन जातिका मानिसहरु उत्तरतिरबाट आएको कुरा पुष्टि हुन्छ । यसले मंगोलियन तामाङ समुदायका इतिहासलाई अत्यन्तै  प्राचीन हुन सक्ने इंकित गर्दछ । तिब्बतका राजा स्रोङचोङ गोम्पो ६४० मा दक्षिणतिर आक्रमण गरी वर्तमान नेपालमा काठमाडौ उपत्यका लगायत उत्तर पहाडी भु-भागहरु माथि कब्जा जमाएका थिए । सैनिकहरु कैयैं वर्षसम्म सोही स्रोङचोङ गोम्पोमा “नामक” (घोडाचडी सैनिक) नाम अपभ्रंश भै हाल तामाङ भएको भनिन्छ । ल्हासाको पोताला दरवार “रिसुङ घिउचेन” नाम गरेका राजाको पालामा प्रत्येक बाह्र वर्षमा एक पटक मानिसलाई मन्साएर लखेटी दक्षिणको वायुलाई मनाउने गरिन्थ्यो । त्यो देखेर मन्साएर

लखेटेको मानिस बाह्र वर्ष सम्म फर्कन पाउँदैनथ्यो । उक्त व्यक्तिलाई ल्हासा दरवार अगाडी पुग्दा सम्पा पुल कटाई छाडिन्थ्यो र त्यही मानिस नै नेपालमा बसोबास गर्ने तामाङ जातिको पूर्खा हो भन्ने पनि गरिन्छ । जन्म संस्कार (गर्भधारण न्वारान), कर्म संस्कार (पास्नी, छेवर, विवाह संस्कार), मृत्यु संस्कार ( दाह संस्कार) दाह संस्कारको लागि लामाले साइत निकाल्नुपर्छ ।

सन्तवी लामा, **तम्वा कइतेन**, वि.सं.२०५५

भोटे भाषामा पैदल हिड्न पल्टन (फौज) लाई कमक र रिसल्ला (घोड सवार) पल्टनलाई तमक भन्दछन् । नेपाल र हिन्दुस्तान संग लडाई गर्ने सोङ्गचोङ्ग गेम्पोका साथ आएका तमकहरु भोटेमा नफर्की धेरैजसो नेपाल र हिन्दुस्तानमै बसे भन्ने भोटको इतिहासमा पाइन्छ । नेपालका तामाङङहरु तमक अपभ्रंश भएर तामाङ भएको हो भन्ने भोटको विद्वानहरुको धारणा पनि छ । तथापी तमकहरु तामाङ भएको होइन तामाङ नेपाल देशकै आदिवासी हुन् ।

टोनी हागन, **नेपालको चिनारी**, वि.सं.२०५८

तामाङङहरुको मूल थलो गणेश हिमालको दक्षिण पाटो पूर्वमा त्रिशुली र पश्चिममा बुढीगण्डकी नदीवीचको भाग हो । गणेश हिमाल वरपरका क्षेत्रमा तामाङङको परम्परागत संस्कृति र धर्म मात्र होइन उनीहरुको शारीरिक वनावट पनि अन्यत्र भन्दा मौलिक अवस्थामा रहेको छ । तामाङङहरु मंगोल आकृति र खंदिलो शरीरका हुन्छन् । मकै, गहुँ र जौ खेती गर्दछन । तामाङङहरु काठमाडौं उपत्यका वरपरका क्षेत्रमा पनि वसोवास गर्दछन् ।

मधुसुदन पाण्डे, **नेपालका जनजातिहरु** ,वि.सं.२०६५

तामाङ समुदाय काठमाण्डौ सिन्धुपलाञ्चोक, नुवाकोट, रसुवा, धादिङ्ग, काभ्रपलाञ्चोक मकवानपुर, सिन्धुली, दोलखा, रामेछाप, लगायतका जिल्लाहरुमा घना रुपले वसोवास गर्दछन् । बाँस तथा निगालोको काममा निक्कै निपूर्ण हुने गर्दछन् । पहाडी भू–भागमा वसोवास गर्ने भएको कारण मकै, कोदो, जौ, गहुँ, आलु नै मुख्य वालिका रुपममा लगाउने गर्दछन् । बौद्ध धर्म माने पनि लोछार

सँगसँगै दशैं,तिहार पनि मनाउने गर्दछन् । मान्छे मरेको ३ दिनमा चोख्याउने गर्दछन् भने ४९ दिनमा घेवा गर्ने गर्दछन् ।

धन प्रसाद तामाङ, **तामाङ संस्कृतिका केही झलकहरु स्मारिका** ,वि.सं.२०६५

सिंगो तामाङ लोकजीवन र संस्कृतिमा यस समुदायको उद्गम भूमी, भौगोलिक स्थिति,वातावरण,परिवेश र समुदायको सामाजिक प्रवृति,सामाजिकरण र राज्य सँगको सम्वन्धले महत्वपूर्ण भूमिका खोलेको पाईन्छ । जसलाई सरल सहज ढंगले बुझ्न सामान्यत यसको लोक संस्कृति,सांस्कृतिक संरचना र जीवन संस्कारका पाटाहरुलाई निगाल्नुपर्ने हुन्छ । विशेषत मुलुकको मध्ये हिमाली भेगको तल्ला खण्ड तथा उच्च पहाडी भू–भागलाई केन्द्र बनाएर क्रमशः दक्षिण,दक्षिणवाट पूर्व र पछि विस्तारै पश्चिमतिर पालतिँदै फैलदै गएको स्प्रष्ट देखिने यो जातिको बसाईको घनत्व पनि त्यहि रुपमा रहेको पाईन्छ । सामान्यतया काठ,ढुङ्गा,खर,छ्वालीले छाएको एक वा दुई तल्ले ,दुई तथा चार पाखे घरमा बस्ने यस जातिको घरको छेउमा खोर,गोठ,कटेरा हुने गर्दछन् । यस जातिले वौद्ध तथा वोन दुवै धर्मलाई अंगालेको पाईन्छ । राणकालमा तामाङ समुदायकाले दरवार बनाउने,बाटो खन्ने,भारी वोक्ने,डाला बोक्ने,चिट्ठी ओसार प्रसार गर्ने आदि काम गर्दथे । यस बाहेक दरवार भित्र डोले,हुक्के,बैठके,द्वारे जस्ता पदहरु तामाङ समुदायहरु कै हुन्थ्यो भने तामाङ महिलाहरु नानी सुसारे, धाईआमा बन्ने गर्दथे ।

प्रेमध्वज लामा, **नेप्लिज कल्चर अंक ११ ,** वि.सं.२०६८

तामाङ समुदायमा समान किसिमको “कुल” मान्ने थरहरुलाई “स्वागे भाइ” भनिन्छ । स्वागे भाइ पर्ने थरहरु भित्र विवाहवारी चलाउदैनन् । स्वागे भाइहरु यस प्रकार रहेका छन् ।

दोङ - ग्राङदन, गाले, तितुङ, वल, डिम्दोङ, गोङवा, ग्याम्देन, दारताङ, गाङताङ ।

घिसिङ - लो, ग्लान, ञेसुर

योञ्जन - वोमजन, डुमजन, लोकचन, मिकचन

मोक्तान - स्याङदन, पाखिन, स्याङवो, थोकर

रुम्वा - जिम्वा, ग्यावा, वाइवा, गोङवा

लोप्चन - चोथेन, प्लेन्देन, स्योङसुन, ङारटेन, गाल्देन

थिङ - मार्पा, तोइसाङ

लो - लोवा, घिसिङ, ग्लान

मार्पा - थिङ, लोइसाङ

टुपा–

व्लोन - स्याङवो, स्याङदन

सिगर - गेसुर, थिङ, तोइसाङ, व्लोन

वज्यू

लङपा

ग्यापा - रुम्वा, जिम्वा, वाइवा, गोङवा

थोकर - मोक्तान, स्याङदान, पाखीन, स्याङवो

पाखीन - स्याङदन, मोक्तान, स्याङवो, थोकर

विभिन्न विद्वानहरुले व्यक्त गरेका माथिका विचारहरु बाट तामाङ समुदाय नेपालको एक प्राचीन जाति भएको कुरा सजिलै बुझ्न सकिन्छ । यिनीहरुको आफ्नै मौलिक संस्कृति, चाडपर्व, रीतिरिवाज तथा संस्कारहरु रहेका छन् । वर्तमान समयमा आएर यिनीहरुको मौलिक संस्कृतिमा कमशः परिवर्तनहरु देखा पर्दै गएका छन् । आधुनिकताको प्रभाव, जनचेतना तथा शिक्षाको विकासले गर्दा यी पक्षहरुमा परिवर्तन भएको पाइन्छ । अन्त्यमा जसरी भएपनि राष्ट्रका अमुल्य सांस्कृतिक एवं मौलिक सम्पदालाइ संरक्षण गरी भविस्यमा आउने नयाँ सन्ततिको लागि यी निधिलाइ जोगाएर राख्नु आजको पहिलो र प्रमुख आवश्यकता भइसकेको कुरामा शायद दुई मत नहोला ।

### १.५ अध्ययनको महत्व :

नेपाल विविध जातजातिहरु बसोबास रहेको साझा थलो हो । यहाँ बसोबास गर्ने यिनै जातजातिहरुको संस्कृति राष्ट्रको सम्पत्ति हो । नेपालका यी विभिन्न संस्कृतिहरुको संरक्षण गर्नु हामी सबै नेपालीको दायित्व हो । नेपालको विकासका लागि यहाँका जातजातिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि अवस्थाका बारे यथार्थ विवरण आवश्यक पर्दछ । कुनै पनि जातिको यथार्थ धरातलको जानकारी बिना तयार पारिएको योजना तर्जुमाले  सहि प्रतिफल दिन सक्दैन । विभिन्न जनजाति, भाषा, धर्म संस्कृति भएका जाति जनजातिहरुलाई एकिकृत गरी एउटै मूल प्रवाहमा

सामाहित गर्नु आजको आवश्यकता रहेको छ । तामाङ जाति पनि नेपालका एक प्राचीन जाति हो । तामाङङहरुको पनि आफ्नै जातिय धर्म, संस्कृति, रहनसहन, सामाजिक र आर्थिक अवस्था रहेको छ । हाम्रो नेपाली शैलीको समाजको प्राचीन तथा भौगोलिक, संस्कृति धर्मलाई पहिचान गर्ने, धर्म, भेषभुषा, रहनसहनले नराम्रो प्रभाव पारेको छ । तसर्थ दिन प्रतिदिन नेपाली मौलिक सांस्कृति लोप हुदै गईरहेको छ । यस्तो अवस्थामा पूर्व मेची देखि पश्चिम महाकाली सम्म बसोबास गर्ने जातजातिहरुको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको उत्थान विना राष्ट्रको विकास असम्भव छ । यिनै कुराहरुलाई मध्य नजर गरी विभिन्न क्षेत्रमा वा भागमा छरिएर रहेका जातजातिहरुको आर्थिक, सामाजिक र सास्कृतिक पक्षको अध्ययन तथा अनुसन्धान गरी समस्याको पहिचान गरी समाधानको उपाय वा तरिका जनसमक्ष ल्याउनु आजको ज्वलन्त र अपरिहार्य कार्य भएको छ ।

यस अध्ययनमा तामाङ समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको परिवर्तन र यस परिवर्तनले समाजमा पारेको सकारात्मक तथा नकरात्मक प्रभाव र असरको बारेमा समेत उल्लेख गरिएको हुनाले विभिन्न समाजशास्त्री तथा मानव शास्त्रीहरुलाई यस जाति सम्बन्धी थप अध्ययन तथा अनुसन्धान गर्न सहयोग गर्नेछ ।साथै सामाजिक क्षेत्रमा विकासका कार्यक्रमहरु ल्याउनमा सहयोग गर्नुको साथै पछि आउँदा पिढीलाई समेत यस अध्ययनले पूर्ण सहयोग पुऱ्याउने छ ।

## १.६ अनुसन्धान पद्धति :

### १.६.१ अनुसन्धान ढाँचा :

यस अध्ययनमा मूलतः वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचालाई आधार बनाइएको छ । यो ढाँचा कुनै विषयवस्तुको खोजी गर्ने, महत्वपूर्ण तथ्याङ्क प्राप्त गर्ने र तिनीहरूको वर्णनवाट नयाँ ज्ञान प्राप्त गर्ने विषयसँग सम्बन्धित छ ।[६] पारिवारिक विवरण, सामाजिक संस्कार, चाडपर्वहरु, विवाह, ब्रतवन्ध, मृत्यु, पेशागत अवस्था, आम्दानीका स्रोतहरु, जातिका मुख्य समस्या, उक्त समस्याका समाधानका उपायहरु जस्ता पक्षलाइ वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ । जस्ता पक्षलाई खोजमुलक ढाँचाका रुपमा प्रस्तुत गरिएको छ भने वर्तमान अवस्थामा तामाङ जातिमा आएको सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवर्तन तथा उक्त परिवर्तनका कारणहरुलाई अन्वेषणात्मक रुपमा वर्णन गर्दै प्रस्तुत गरिएको छ ।

[६] पेशल दाहाल र सोमप्रसाद खतिवडा, **अनुसन्धान पद्धति,**( काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स), २०५९, पृ. १३३ ।

### १.६.२ अध्ययन क्षेत्रको छनौट र औचित्य :

वाग्मती अञ्चलको काठमाडौं जिल्लामा पर्ने जोरपाटी गा.वि.स.अन्तर्गत वडा नं ७ को तामाङ बस्तीलाई यस अध्ययन एवं अनुसन्धानको अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो । जोरपाटी गा.वि.स.नै तामाङ समुदाय वसोवास गर्ने काठमाण्डौं उपत्यकावाट सवै भन्दा नजिकको शहरोन्मुख गा.वि.स.भएको अनि शहरी विकासको हरेक मापदण्ड वमोजिम नगरक्षेत्रमा पर्ने भएपनि केवल औपचारिक रुपमा मात्र नगरपालिका घोषित हुन बाँकी गा.वि.स. हुनुका साथै तामाङको वसोवास वि.सं.२०५८ सालको जनगणना वमोजिम २४.५५ % भएको कारणले गर्दा नै उक्त स्थानलाई अध्ययनको लागि छनौट गरिएको हो । पूरै गा.वि.स.का तामाङ समुदायको अध्ययन गर्न समय र अन्य सीमा रहेकाले नमुनाको लागि गा.वि.स.अन्तर्गत वडा नं ७ को तामाङ बस्तीलाई यस अध्ययन एवं अनुसन्धानको अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो ।

### १.६.३ अध्ययनको समग्रता :

कुल घरधुरी संख्या ८,८५१ रहेको यस गा.वि.स.को जम्मा जनसंख्या ४१,२६२ रहेको छ जसमा पुरुषको संख्या २१,६७४ र महिलाको संख्या १९,५८८ रहेको छ । पूरै गा.वि.स.का तामाङ समुदायको अध्ययन गर्न समय र अन्य सीमा रहेकाले नमुनाको लागि गा.वि.स.अन्तर्गत वडा नं ७ को तामाङ बस्तीलाई यस अध्ययन एवं अनुसन्धानको अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो । यस नमूनाको रुपमा छानिएको वडा नं.७ ले कूल घरघुरी ८,८५१ को ९.३४ प्रतिशत अंशओगटेको छ जहाँ ८२७ घरघुरी रहेको छ । यहाँ १,९६९ पुरुष र १,८५२ महिला गरी कूल ३,८२१ जना रहेका छन् यो जनसंख्या जोरपाटीको कूल जनसंख्याको ९.२६ प्रतिशत हो ।

### १.६.४ तथ्याङ्कको प्रकृति तथा स्रोतहरु :

जुनसुकै अध्ययनमा पनि वास्तविक सत्य तथ्य पत्ता लगाउनको लागि विभिन्न विधिको प्रयोग गर्ने गरिन्छ । यस अध्ययनको उदेश्यलाई पूरा गर्नको लागि गुणात्मक तथा संख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरुलाई समावेश गरिएको छ । आवश्यक तथ्याङ्कलाई प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएको छ । यस अध्ययनको प्राथमिक स्रोतहरुमा घरमुलीसंगको अर्न्तवार्ता, अवलोकन, शिक्षक विद्वान, समाजसेवी सँग अर्न्तवार्ता नै प्रमुख स्रोतको रुपमा रहेको छ । साथै यो एक समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन भएकोले तथ्याङ्कको प्रकृति संख्यात्मक भन्दा गुणात्मक प्रकृतिको रहेको छ ।

यस अध्ययनको द्वितीय स्रोतहरुमा तामाङ समुदाय सम्वन्धी जति पनि प्रकाशित लेख, रचना, पुस्तक, पुस्तिका, शोध पत्र, अभिलेख आदि रहेका छन् । त्यसलाई उपयोग गरिएको छ । सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरुको तथ्याङ्क संकलनको क्रममा द्वितीय स्रोतको रुपमा सम्वन्धीत गा.वि.स.को पुस्तकालय, गा.वि.स. कार्यालय, जि.वि.स. कार्यालय, विद्यालय लगायतका निकायहरुबाट पनि सहयोग लिइएको छ ।

**१.६.५ तथ्याङ्क संकलनका विधिहरु :**

यस अध्ययनको लागि तथ्याङ्क संकलन गर्ने क्रममा सम्वन्धीत विषयको पहिले देखि नै तयार गरिएको प्रश्नावलीको प्रयोग गरिएको थियो । अर्ध संरचित प्रश्नावलीको आधारमा जे जस्ता उत्तरहरु प्राप्त भए तिनीहरुलाई प्राथमिक तथ्याङ्कको रुपमा प्रस्तुत गरीएको छ । उत्तरदाताले दिएको उत्तरलाई गुणात्मक तथा संख्यात्मक रुपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलन कार्यको लागि अपनाइएका विधीहरु निम्न अनुसार छन् ।

**१.६.५.१ अन्तर्वार्ता अनुसूची :**

अध्ययनको तथ्याङ्क संकलनको प्रमुख विधिहरुमध्ये घरमुली संगको अर्न्तवार्ता प्रमुख हो । अध्ययनको क्रममा अवलोकन र मुख्य व्यक्तिहरुको अर्न्तवार्ताबाट मात्र प्राप्त हुन नसकेका तथ्याङ्कहरु संकलन गर्न सर्वेक्षण विधि प्रयोग गरिएको थियो । यस विधि अन्तर्गत प्रश्नावली तयार पारी २५ घरपरिवारकै घरमूलीसँग प्रश्न सोधेर उक्त प्रश्नको उत्तर भर्दै आवश्यक तथ्य एवं तथ्याङ्कहरु संकलन गरिएको छ । विशेषगरी जनसंख्या, पेशा, शिक्षा, स्वास्थ्य, कृषि, पशु विवाह, परिवार नियोजन, घर तथा चर्पीको प्रकार, विभिन्न संस्कारहरु प्रमुख चाडपर्वहरु, इन्धनको प्रयोग, वार्षिक आम्दानी तथा खर्च आदि पक्षको तथा उक्त पक्षहरुमा आएको परिवर्तनहरु कारणसहित जानकारी हासिल गर्न यो विधि प्रयोग गरिएको छ । यसको लागि प्रति घर प्रति व्यक्ति अर्न्तवार्तामा सहभागी गराइएको थियो ।

**१.६.५.२ अवलोकन**

शोधकर्ता स्वयम् सम्वन्धित क्षेत्रमा गई प्रत्यक्ष रुपमा व्यक्तिसंग भेटी बस्तीको सम्पूर्ण पक्षहरुको अध्ययन गर्नु नै अवलोकन पद्धति हो । यो एक भरपर्दो विधि भएकोले शोधकर्ता स्वयम् यस अध्ययन

क्षेत्रमा गएर सांस्कृतिक पक्षहरु जस्तै ल्होसार, वुद्धपूर्णिमा, जस्ता चाडपर्व र पूजाआजाहरु तथा संस्कारहरु जन्म, विवाह र मृत्युको बारेमा अध्ययन गरीएको थियो ।

**१.६.५.३ मुख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ता** :

कुनैपनि स्थान वा व्यक्ति विशेषको अध्ययन गर्ने क्रममा बढी भन्दा बढी तथ्याङ्क संकलन गर्दा विविध ज्ञान एवम् तथ्य संकलन हुने साथै छुट्टाछुट्टै किसिमको तथ्याङ्कबाट बढी भरपर्दो तथ्य पत्ता लाग्ने भएकोले अन्तर्वार्ता, प्रश्नावली र अवलोकन वाहेक प्राथमिक जानकारीको लागि तामाङ समुदायको सामाजिक सांस्कृतिक र आर्थिक क्रियाकलापहरुमा समावेश भएका प्रमुख जानकार व्यक्तिहरुसंग अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ । यस अन्तरगत बुढापाका, राजनीतिज्ञ, शिक्षक, जनप्रतिनिधी, व्यापारी, समाजसेवी गरी १० जना ब्यक्तिसँग अहिलेका तामाङ जातिमा देखिएको सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवर्तनबारे जानकारी लिइ प्रस्तुत गरिएको छ ।

**१.६.५.४ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण :**

अध्ययन तथा अनुसन्धान कार्यमा तथ्याङ्क संकलन अनिवार्य छ तर संकलित तथ्याङ्कलाई राम्ररी विश्लेषण गरिएनभने त्यसको प्रस्तुतीकरण तथा प्रभावकारीता फितलो र अविश्वासीलो हुन जान्छ । त्यसैले संकलित सम्पूर्ण तथ्याङ्कहरुलाई तिनीहरुको विशेषताको आधारमा वर्गीकरण, गरी संख्यात्मक तथ्याङ्कलाई तालिकाद्धारा प्रस्तुत गरी प्रतिशतमा वर्णन गरीएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा ब्याख्या र विश्लेषण गरिएको छ ।

**१.६.५. अध्ययनको सीमा :**

अध्ययन तथा अनुसन्धानको आफ्नै सीमाहरु हुने भएकोले त्यही सीमाभित्र रहेर त्यसलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धानकार्य भनेको कुनै निश्चित अवधिमा निश्चित ठाउँमा र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुनाले यसबाट प्राप्त परिणाम र ब्याख्या पनि त्यस्तै अवस्थामा मात्र सामान्यीकरण हुनसक्दछ । यो अध्ययन नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि गरिएकोले यसका सोही अनुरुप सीमाहरु रहेका छन् । त्यसैले यस अध्ययनको पनि निश्चित सीमाभित्र मात्र यसको परिणाम र निष्कर्षहरु मान्य हुन्छन् । यसर्थ अध्ययनका निम्न लिखित सीमाहरु रहेका छन् ।

१) यस अध्ययन एउटा वडा क्षेत्र र परिबेशमा मेल नखान सक्दछ किनभने कुनै एक स्थानमा बसोबास गर्ने तामाङ जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था अन्य क्षेत्रमा बसोबास गर्ने तामाङ समुदाय सँग नमिल्न पनि सक्दछ । यदि मिलेको खण्डमा पनि निश्चित समयावधिका लागि मात्र लागू हुनसक्दछ र केही समयपछि त्यसमा परिवर्तन हुनसक्ने हुनाले यस अध्ययन अनुरुप लागू नहुन सक्दछ ।

२) यस अध्ययन छोटो समयवधिमा गरिएको हुनाले संकलन गर्नुपर्ने सबै तथ्याङ्कहरु प्राप्त गर्न समय पर्याप्त नहुने हुनाले यस अध्ययन अनुरुप लागू नहुन सक्दछ ।

३) यस अध्ययनको निमित्त चाहिने स्रोत र साधनहरु सीमित खर्चमा जुटाई गरिएकोले विस्तृत अध्ययन गर्न सम्भव छैन । तैपनि यस अध्ययनलाई सकेसम्म विस्तृत र ब्यापक बनाउने प्रयास गरिएको छ ।

४) यस अध्ययन कुनै सिद्धान्त लागू गरेर गरिएको छैन । यसमा वर्णनात्मक र अन्वेणात्मक अनुसन्धान ढाँचा प्रयोग गरी तामाङ समुदायको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको बारेमा अध्ययन गरीएको छ ।

**१.७ अध्ययनको अध्याय विभाजन :**

शोधले तवमात्र पूर्णता पाउँछ जव पाइएका तथ्याङ्कहरुलाई क्रमवद्ध ढंगले वैज्ञानिक विश्लेषणका साथ प्रतिवेदन तयार पारिन्छ । अध्ययनबाट प्राप्त तथ्यलाई व्यवस्थित रुपले विभिन्न अध्यायहरुमा विभाजन नगर्ने हो भने शोधको कुनै महत्व हुदैन । यस शोध ग्रन्थमा तामाङ जाति सम्बन्धी प्राप्त तथ्यहरुलाई निम्न बमोजिमका अध्यायमा विभाजन गरी क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ ।

१. अध्याय-एक : परिचय ।

२. अध्याय-दुई : अध्ययन क्षेत्रको परिचय ।

३. अध्याय-तीन : जोरपाटीका तामाङ समुदायको सामाजिक अवस्था ।

४. अध्याय-चार : जोरपाटीका तामाङ समुदायको सांस्कृतिक अवस्था ।

५. अध्याय-पाँच : जोरपाटीका तामाङ समुदायको आर्थिक अवस्था ।

६. अध्याय-छ : जोरपाटीका तामाङ समुदायमा देखिएको सामाजिक सांस्कृतिक परिवर्तन ।

७. अध्याय-सात : सारांश, निष्कर्ष र सुझाव ।

यस शोधपत्रमा सात वटा अध्यायहरु रहेका छन् । पहिलो अध्यायमा अध्ययनको परिचय राखिएको छ । यस भित्र अध्ययनको परिचय समस्या कथन, उद्देश्य, पूर्व साहित्यको समीक्षा, अनुसन्धान पद्धती आदिलाई राखिएको छ । दोस्रो अध्यायमा अध्ययन क्षेत्र काठमाडौ जिल्ला जोरपाटी गा.वि.सको सामान्य परिचय समावेश गरिएको छ । तेस्रो अध्यायमा तामाङ समुदायको सामाजिक अवस्था अर्न्तगत अध्ययन क्षेत्रको जनसंख्या, लिङ्ग, उमेर, शिक्षा विवाह, परिवारको आधारमा जनसंख्या, परिवार नियोजन, सम्बन्धित जानाकारी एवं स्थिति, घरको किसिम, चर्पीको अवस्था, उपचार पद्धति तथा अन्य जातिहरु सँगको अवस्था रहेको छ । चौथो अध्यायमा जोरपाटी गा.वि.सको तामाङ समुदायको साँस्कृतिक अवस्था अर्न्तगत संस्कारहरु प्रमुख चाडपर्वहरु, विवाह, तथा यसका प्रकार, भाषा, मुख्य समस्या, समाधाका उपाय एवं शान्ति सुरक्षाको अवस्था अर्न्तगत उत्तरदाताको पेशागत अवस्था जग्गाको स्वामित्व, खाना पकाउने इन्धन तथा खर्चको बाँडफाँड बारे उल्लेख गरिएको छ । पाचौं अध्यायमा उनीहरुकों आर्थिक अवस्था अन्तर्गत उत्तरदाताको पेशागत अवस्था, भू-स्वामित्व, खाना पकाउने इन्धन, घरको किसिम, चर्पीको अवस्था, बार्षिक आम्दानी र बार्षिक खर्चको विवरण रहेको छ । समावेश गरिएको छ । छैटौं अध्ययमा जोरपाटी गा.वि.सको तामाङ समुदायमा देखिएको सामाजिक साँस्कृतिक परिवर्तन वारे उल्लेख गरिएको छ । सातौ अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझाव समावेश गरिएको छ ।

## अध्याय-दुई

## अध्ययन क्षेत्रको परिचय

### २.१ जोरपाटी गा.वि.स. को सामान्य परिचय :

नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वागमती अञ्चलको काठमाण्डौ जिल्लामा अवस्थित यस जोरपाटी गा.वि.स.का केही भाग गोकर्ण जङ्गलद्वारा घेरिएको छ । यो गा.वि.स. काठमाण्डौको मुख्य भाग बाट ७ किलोमिटरको दुरीमा रहेको छ । साथै पर्यटकको लागि प्रसिद्ध पनि छ । यहाका प्रमुख पर्यटक क्षेत्रहरुमा गोकर्ण जङ्गल, देविस्थान आदि रहेका छन् जुन यस गा.वि.स.को प्रमुख आयश्रोतको रुपमा रहेको छ । जिल्लाका अन्य गा.वि.स.हरुको तुलनामा यस गा.वि.स.लाई विकसीत मान्न सकिन्छ किनभने यस गा.वि.स.मा केहि विकासका पूर्वाधारहरु उपलव्ध छन्: जस्तै :- विजुली, पिउने पानी, कालो पत्रे सडक, टेलिफोन सेवा, विद्यालय र अस्पताल आदि ।

यस गा.वि.स.को वस्तीहरु विभिन्न ठाउँमा छरिएर रहेको पाइन्छ जस्तै:- जोरपाटी चौकी, वेसी गाउँ, आरुवारी चोक, अत्तरखेल, नारायणटार, नयाँवस्ती र राधाकृष्ण चोक आदि । शिक्षा र श्वास्थ्यका क्षेत्रमा हेर्दा यस गा.वि.स.मा एक शिक्षण अस्पताल (नेपाल मेडिकल कलेज), एक उपस्वास्थ्य चौकी र छ वटा स्वास्थ्य सिविर रहेका छन् भने शिक्षा तर्फ ७ माध्यामिक र १५ वटा प्राथमिक निजी र सरकारी विद्यालय रहेका छन् ।

उद्योगधन्दाको दृष्टिबाट हेर्दा यस गा.वि.स.मा कही कार्पेट उद्योगहरु सञ्चालन भएको छ भने अन्य मा व्यापार र ज्याला मजदुरी प्रमुख आयश्रोतका माध्यम हुन भने जातिय हिसावले हेर्दा व्राम्हण, क्षेत्री, तामाङ, गुरुङ्ग, राई, लिम्वु, शेर्पा, सार्की र कामी आदि छन् ।

कुल घरधुरी संख्या ८,८५१ रहेको यस गा.वि.स.को जम्मा जनसंख्या ४१,२६२ रहेको छ जसमा पुरुषको संख्या २१,६७४ र महिलाको संख्या १९,५८८ रहेको छ ।[७]

यस गा.वि.स.को सिमाना निम्न अनुसार रहेको छ

पूर्व :- डांछी गा.वि.स.

[७] केन्द्रीय तथ्याङ्क विभाग, **पपुलेशन मोनोग्राफ अफ नेपाल,** (काठमाडौं : नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग), २०५८ ।

पश्चिम :- काठमाण्डौ महानगरपालिका र कपन गा.वि.स.

उत्तर :- वालुवा र चुलीखेल

दक्षीण :- मुलपानी र गोठाटार

यस गा.वि.स.को जनसंख्याको विवरणलाई वडागत तथा लिङ्गगत आधारमा तलको तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

जोरपाटी गा.वि.स.को जनसंख्याको वडागत तथा लिङ्गगत विवरण

| वडा नं. | घरधुरी संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७२४ | ८.१७ | २३२० | १०.७० | २०२५ | १०.५३ | ४३४५ | १०.५३ |
| २ | १५४७ | १७.४७ | ३६९० | १७.०२ | ३३२४ | १६.९९ | ७०१४ | १६.९९ |
| ३ | २३५४ | २६.५९ | ५५४३ | २५.५७ | ४९६७ | २५.३५ | १०५१० | २५.४७ |
| ४ | १३४६ | १५.२० | ३२३२ | १४.९१ | २९४० | १५.० | ६१७२ | १४.९५ |
| ५ | ८४२ | ९५१ | १९२५ | ८.८८ | १७५८ | ८.९६ | ३६८३ | ८.९२ |
| ६ | ५०१ | ५.६६ | १२४७ | ५.७५ | ११३७ | ५.८० | २३८४ | ५.७७ |
| ७ | ८२७ | ९.३४ | १९६९ | ९.०८ | १८५२ | ९.४५ | ३८२१ | ९.२६ |
| ८ | २७९ | ३.१४ | ६९३ | ३.१९ | ५९४ | ३.०३ | १२८७ | ३.११ |
| ९ | ४३१ | ४.८६ | १०५५ | ४.८६ | ९९१ | ५.०५ | २०४६ | ४.३५ |
| जम्मा | ८८५१ | १०० | २१६७४ | १०० | १९५८८ | १०० | ४१२६२ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

जोरपाटी गाउँ पार्श्व चित्र,२०६६मा प्रकाशित  जोरपाटी गा.वि.स.को जनसंख्याको वडागत तथा लिङ्गगत विवरणको तालिकालाई हेर्दा के कुरा थाहा हुन्छ भने कूल घरघुरी ८,८५१ रहेको जोरपाटी गा.वि.स.मा सबै भन्दा बढी घरधुरी र जनसंख्या वडा नं.३ र २ मा रहेको छ । यस मध्ये नमूनाको रुपमा छानिएको वडा नं.७ ले कूल घरघुरी ८,८५१ को ९.३४ प्रतिशत अंशओगटेको छ जहाँ ८२७ घरघुरी रहेको छ । यहाँ १,९६९ पुरुष र १,८५२ महिला गरी कूल ३,८२१ जना रहेका छन् यो जनसंख्या जोरपाटीको कूल जनसंख्याको ९.२६ प्रतिशत हो ।

## २.२. जनजातिको आधारमा जनसंख्या :

काठमाण्डौ जिल्लाको जोरपाटी गा.वि.स.मा अधिक मात्रमा तामाङ, ब्राम्हण र क्षेत्री जातिको संख्या रहेको छ । यस गा.वि.स.मा रहेको जनजातिको संख्यालाइ निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### तालिका २

जनजातिको आधारमा जनसंख्या

| क.सं. | जनजाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तामाङ | १०१३३ | २४.५५ |
| २ | ब्राम्हण | ७६४० | १८.५१ |
| ३ | क्षेत्री | ५४०३ | १३.०९ |
| ४ | नेवार | ३९५८ | ९.६९ |
| ५ | शेर्पा | ३२१९ | ७.८० |
| ६ | मगर | २२०४ | ५.३४ |
| ७ | राई | १९९५ | ४.८३ |
| ८ | गुरुङ | ११९७ | २.९० |

| | | | |
|---|---|---|---|
| ९ | लिम्वु | ५०५ | १.२२ |
| १० | माझी | ३५१ | ०.८५ |
| ११ | थारु | ३५० | ०.८४ |
| १२ | कामी | ३०८ | ०.७४ |
| १३ | सुनुवार | ३०८ | ०.७४ |
| १४ | धिमाल | २९७ | ०.७१ |
| १५ | दमाई | २९३ | ०.७१ |
| १६ | सन्यासी | २६५ | ०.६४ |
| १७ | मुस्लिम | २४४ | ०.५९ |
| १८ | सुनार | १८२ | ०.४४ |
| १९ | यादव | १८१ | ०.४३ |
| २० | ठकुरी | १७१ | ०.४१ |
| २१ | घर्ती / भुजेल | १५८ | ०.३८ |
| २२ | सार्की | १५२ | ०.३६ |
| २३ | भोटे | १४९ | ०.३६ |
| २४ | दलित | १२२ | ०.२९ |
| २५ | राजवंशी | १०९ | ०.२६ |
| २६ | वाँनीया | ८२ | ०.१९ |

| | | | |
|---|---|---|---|
| २७ | ताजपुरीया | ६७ | ०.१६ |
| २८ | तेली | ५८ | ०.१४ |
| २९ | दनुवार | ५३ | ०.१२ |
| ३० | कुर्मी | ४९ | ०.११ |
| ३१ | ठाकुर | ४५ | ०.१० |
| ३२ | कोइटी | ३८ | ०.०९ |
| ३३ | राजभाट | ३६ | ०.०९ |
| ३४ | कलवार | २९ | ०.०८ |
| ३५ | वंगाली | २९ | ०.०७ |
| ३६ | चमार | २० | ०.०४ |
| ३७ | मारवाडी | २० | ०.०४ |
| ३८ | मल्हा | १९ | ०.०४ |
| ३९ | धानुक | १७ | ०.०४ |
| ४० | थामी | १७ | ०.०४ |
| ४१ | पंजावी | १६ | ०.०३ |
| ४२ | चेपाङ्ग/प्रजा | १५ | ०.०३ |
| ४३ | राजपुत | १५ | ०.०३ |
| ४४ | चुरौटे | १५ | ०.०३ |

| | | | |
|---|---|---|---|
| ४५ | योल्मो | १५ | ०.०३ |
| ४६ | सुदी | १३ | ०.०३ |
| ४७ | नुराङ | १३ | ०.०३ |
| ४८ | कायस्थ | ११ | ०.०२ |
| ४९ | धोवी | ९ | ०.०२ |
| ५० | पहरी | ९ | ०.०२ |
| ५१ | जिरेल | ९ | ०.०२ |
| ५२ | कुमाल | ८ | ०.०१ |
| ५३ | सतार | ८ | ०.०१ |
| ५४ | गन्गाई | ८ | ०.०१ |
| ५५ | मेचे | ८ | ०.०१ |
| ५६ | झैगड | ७ | ०.०१ |
| ५७ | लेप्चा | ६ | ०.०१ |
| ५८ | कुम्हार | ५ | ०.०१ |
| ५९ | अन्य | ५९० | १.४२ |
| | जम्मा | ४१२६२ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

जोरपाटी गाउँ पार्श्व चित्र,२०६६ मा प्रकाशित जोरपाटी गा.वि.स.को जनसंख्याको जातिगत विवरणको तालिकालाई हेर्दा कूल जनसंख्या ४१,१६२ रहेको जोरपाटी गा.वि.स.मा सबै भन्दा बढी जनसंख्या क्रमशः तामाङ,ब्राहण र क्षेत्रीको रहेको छ । यस मध्ये तामाङ २४.५५ प्रतिशत , ब्राम्हण

२८.५१ प्रतिशत र क्षेत्री १३.०९ प्रतिशत रहेको छ भने अन्य जनजाति मध्ये हरेक जनजातिको जनसंख्या १० प्रतिशत भन्दा कम रहेको छ ।

### २.३. भाषागत आधारमा जनसंख्या :

नेपाली भाषा पछि तुलनात्मक रुपले अत्याधिक मात्रामा बोलिने भाषा तामाङ हो । आफ्नो मातृभाषा बढी मात्रामा बोल्न रुचाउने यस तामाङ जाति आफ्नो भाषालाई मायाँ गर्छन साथै आफ्नो भाषा प्रति गर्व पनि गर्छन । भाषागत आधारमा यस गाविसमा रहेका  जातजातिहरुलाई निम्न अनुसार वर्गीकरण तथा प्रस्तुत गरिएको छ ।

**तालिका ३**

भाषागत आधारमा जनसंख्या

| क.सं. | जतजातिको नामावली | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १९९६३ | ४८.३८ |
| २ | तामाङ | ९८०६ | २३.७६ |
| ३ | नेवार | २८३६ | ६.८७ |
| ४ | शेर्पा | २२३८ | ५.४२ |
| ५ | मगर | १३०९ | ३.१७ |
| ६ | वान्तवा | १३०८ | ३.१६ |
| ७ | गुरुङ | ७५४ | १.८२ |
| ८ | हिन्दी | ४११ | ०.९९ |
| ९ | लिम्वु | ३६१ | ०.८७ |
| १० | मैथिली | ३३३ | ०.८० |

| | | | |
|---|---|---|---|
| ११ | धिमाल | २१५ | ०.५२ |
| १२ | थारु/डगौरा | १९५ | ०.४७ |
| १३ | भोजपुरी | १८८ | ०.४५ |
| १४ | तिव्वती | १४० | ०.३३ |
| १५ | राजवंशी | ८६ | ०.२० |
| १६ | सुनुवार | ८२ | ०.१९ |
| १७ | योल्मो | ६७ | ०.१६ |
| १८ | उर्दु | ५४ | ०.१३ |
| १९ | माझी | ४० | ०.०९ |
| २० | चिनियाँ | २४ | ०.०५ |
| २१ | दनुवार | १८ | ०.०४ |
| २२ | थामी | १७ | ०.०४ |
| २३ | वंगाली | १४ | ०.०३ |
| २४ | मारवाडी | १४ | ०.२३ |
| २५ | जिरेल | ११ | ०.०२ |
| २६ | अन्य | ७७८ | १.८८ |
| | जम्मा | ४१२६३ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

जोरपाटी गाउँ पार्श्व चित्र,२०६६ मा प्रकाशित  जोरपाटी गा.वि.स.को जनसंख्याको भाषागत विवरणको तालिकालाई हेर्दा  कूल जनसंख्या ४१,१६२ रहेको जोरपाटी गा.वि.स.मा २४.५५ % तामाङको वसोवास भएपनि केवल २३.७६ % ले तामाङ भाषा वोल्दछन् । यहाँ नेपाली भाषीको अंश ४८.३८ % छ जवकी १८.५१ % ब्राम्हण र १३ .०९ % क्षेत्री गरी कूल ३१.७८ % ले नेपाली बोल्दछन् । यसको मतलव अन्य जातिको वोल्ने भाषामा नेपाली नै पर्दछ । अर्थात्  अन्य जनजातिको फरक जाति सँगको संचार माध्यमको  भाषाको रुपमा पनि नेपाली भाषा नै रहेको छ ।

## २.४. **उमेरको आधारमा जनसंख्या** :

यस गा.वि.स.मा २१६७४ पुरुष र १९५८८ महिला गरी कूल ४१२६२ जना मानिसहरु विभिन्न उमेर समूहमा रहेका छन् जसलाई तलको तालिकामा वर्गीकरण गरेर देखाइएको  छ ।

**तालिका ४**

उमेरको आधारमा जनसंख्या

| क.सं. | उमेर समूह | महिला | पूरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-४ | २१३३ | २१५३ | ४२८६ | १०.३८ |
| २ | ५-९ | २१५२ | २३१५ | ४४६७ | १०.८२ |
| ३ | १०-१४ | १९०९ | २०३९ | ३९४८ | ९.५६ |
| ४ | १५-१९ | २९४२ | २९०३ | ५८४५ | १४.६६ |
| ५ | २०-२४ | ३२४५ | ३५७८ | ६८२९ | १६.५३ |
| ६ | २५-२९ | २२८२ | २७३१ | ५०१३ | १२.१४ |
| ७ | ३०-३४ | १५६२ | १९७२ | ३५३४ | ८.५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३५-३९ | १०४८ | १२५९ | २३०६ | ५.५९ |
| ९ | ४०-४४ | ६७१ | ९१९ | १५९० | ३.८५ |
| १० | ४५-४९ | ४३४ | ५४३ | ९७७ | २.३६ |
| ११ | ५०-५४ | ३२१ | ४१२ | ७३३ | १.७७ |
| १२ | ५५-५९ | २७६ | २९१ | ५६७ | १.३७ |
| १३ | ६०-६४ | २१९ | १८६ | ४०५ | ०.९८ |
| १४ | ६५-६९ | १५४ | १७० | ३२४ | ०.७८ |
| १५ | ७०-७४ | ११८ | १०३ | २२१ | ०.५३ |
| १६ | ७५-माथि | १२२ | १०० | २२२ | ०.५३ |
| जम्मा | | १९५८८ | २१६७४ | ४१२६२ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६

जोरपाटी गाउँ पार्श्व चित्र,२०६६ ले देखाए वमोजिम जोरपाटी गा.वि.स.को जनसंख्याको उमेरगत विवरणको तालिकालाई हेर्दा २०–२४ वर्ष उमेर समूहको जनसंख्या अधिक रहेको देखिन्छ जहाँ पुरुष ३,२५८ जना र महिला ३,५७८ जना गरी कूल ६,८२९ जना रहेको छ जुन कूल जनसंख्याको १६.५३ % हुनआउँछ । यहाँ ६० बर्ष भन्दा माथिका बृद्ध–बृद्धाको संख्या १.७२ % भन्दा कम रहेको छ ।

## २.५. धर्मको आधारमा जनसंख्या :

हिन्दु धर्म मान्ने जातिको वाहुल्यता रहेको यस गा.वि.स.मा वौद्ध धर्म दोस्रो स्थानमा रहेको छ । यसको साथसाथै अन्य धर्म मान्ने जात जातिहरु पनि यस गा.वि.स.मा वसोवास गर्दछन् । धर्मको आधारमा यस गा.वि.स.का जनताहरुलाई निम्न अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

तालिका ५

धर्मको आधारमा जनसंख्या

| क.सं. | धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २५७८९ | ६२.५० |
| २ | वौद्ध | १४१२७ | ३४.२३ |
| ३ | क्रिश्चियन | ५२७ | १.३८ |
| ४ | इस्लाम | २५६ | ०.६२ |
| ५ | किराँत | ५१४ | १.२४ |
| ६ | जैन | ५ | ०.०१ |
| ७ | शिख | ७ | ०.०१ |
| ८ | वहाइ | ७ | ०.०१ |
| ९ | अन्य | ३० | ०.०७ |
| | जम्मा | ४१२६२ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

जोरपाटी गाउँ पार्श्व चित्र,२०६६ ले देखाए वमोजिम जोरपाटी गा.वि.स.को धर्मको आधारमा जनसंख्याको संरचनालाई हेर्दा ६२.५० % हिन्दु र ३४.२३ % बौद्ध धर्मावलम्बी रहेका छन् । २४.५५ % तामाङ रहेकोमा ३४.२३ % बौद्धधर्माबलम्वी भएको तथ्यले के देखाउछ भने यस गा.वि.स.मा सबै तामाङ बौद्धमार्गी रहेको मान्न सकिन्छ ।

## २.६. शिक्षण संस्थाको अवस्था :

यस जोरपाटी गा.वि.स.मा एक मेडिकल कलेज ५ उच्च माावि, सात मा.वि. र १५ नि.मा.वि. निजी र सरकारी गरि रहेका छन् । क्षेत्री, बाहुन र तामाङङको वसोवास वढी रहेको यस गाउँका जनता त्यसमा पनि तामाङ जातिहरु त्यती शिक्षित चाहीँ छैनन् । शिक्षण संस्थाको उल्लेख्य स्थापना भएतापनि चेतनाको कमी र केही गरीवीले गर्दा धेरै जसो जनता शिक्षाको उज्यालोबाट वञ्चित देखिन्छन् । तर केहीले भने उच्च शिक्षा लिएको पनि देखिन्छ ।

**तालिका ६**

पढ्न लेख्न नसक्ने जनसंख्या

| क.सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३५९७ | ३३.९७ |
| २ | महिला | ६९९० | ६६.०२ |
| | जम्मा | १०५८७ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

यस गा.वि.स.को यस तालिका अनुसार यस गा.वि.स.मा पढ्न लेख्न नसक्ने पुरुष ३३.९७ % र महिला ६६.०२ % रहेको तथ्यवाट महिला र पुरुषको शिक्षामा असमानता रहेको प्रष्ट हुनुका साथै लैङ्गिक विभेद समेत रहेको कुराको अनुमान गर्न सकिन्छ ।

**तालिका ७**

पढ्नमात्र सक्ने जनसंख्या

| क.सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १५५० | ५३.२० |
| २ | महिला | १३६३ | ४६.८० |
| | जम्मा | २९१३ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

यस गा.वि.स.को यस तालिका अनुसार यस गा.वि.स.मा पढ्न मात्र सक्ने पुरुष ५३.२०% र महिला ४६.८० % रहेको तथ्यवाट महिला र पुरुषको शिक्षामा असमानता रहेको प्रष्ट हुनुका साथै लैङ्गिक विभेद समेत रहेको कुराको अनुमान गर्न सकिन्छ । यधपी यस संरचनाले भने अघिल्लो पढ्न लेख्न नसक्न संरचनामा भन्दा केही बढी महिलाको स्तर राम्रो रहेको प्रष्ट्याउँछ ।

**तालिका ८**

पढ्न र लेख्न सक्ने जनसंख्या

| क.सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १३९९१ | ६२.०२ |
| २ | महिला | ८५६५ | ३७.९८ |
| | जम्मा | २२५५६ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६

यस गा.वि.स.को यस तालिका अनुसार यस गा.वि.स.मा पढ्न र लेख्न सक्ने पुरुष ६२.०२ % र महिला ३९.९८ % रहेको तथ्यवाट महिला र पुरुषको शिक्षामा असमानता रहेको प्रष्ट हुनुका साथै लैङ्गिक विभेद समेत रहेको कुराको अनुमानलाई अझ प्रष्टपारेको छ ।

## २.७. वैवाहिक स्थितिको अवस्था :

यस जोरपाटी गा.वि.स.मा रहेका विभिन्न जातका मानिसहरु एक आपसमा मिलिजुली वसेका छन् तथा एक अर्कालाई सहयोग पनि गर्दै आएका छन् । आफ्नो संस्कार मान्न तथा सृष्टिको नियमलाई निरन्तरता दिनको लागि निश्चित उमेर पुगेपछि सवै जातका युवा युवतीले विवाह गर्नु पर्दछ । यो जन्म सिद्ध नैसर्गिक अधिकार पनि हो । त्यसैले यस गा.वि.स.मा रहेका विवाहित पुरुष तथा महिलाको अवस्थालाई निम्न लिखित तालिकाका अनुसार वर्गिकरण गरिएको छ ।

**तालिका ९**

विवाहको आधारमा जनसंख्या

| क.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋविवाहित | १२६५० | ३८.८१ |
| २ | एकल विवाह | १८२०८ | ५५.८७ |
| ३ | बहु विवाह | ४५९ | १.४० |
| ४ | पुनः विवाह | २०७ | ०.६३ |
| ५ | विदुर/विधवा | ३९३ | १.२० |
| ६ | सम्वन्ध विच्छेद | १९ | ०.००५ |
| ७ | उल्लेख नभएको | ५६२ | ०.७२ |
| ८ | छुट्टीएको | ९० | ०.२७ |

| | | |
|---|---|---|
| जम्मा | ३२५८८ | १०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

जोरपाटी गाउँ पार्श्व चित्र,२०६६ ले देखाए वमोजिम जोरपाटी गा.वि.समा एकल विवाह गर्ने ब्यक्ति धेरै रहेका छन् जुन कूल जनसंख्याको ५५.८७ % हुन आउछ । त्यस्तै गरी अविवाहित ब्यक्ति निकै बढी रहेका छन् थाहा हुन्छ जुन कूल जनसंख्याको ३८.८१ % हुन आउछ । यसको मतलव यो होईन की त्यहाँका ३८.८१ % युवायुवती अविवाहित छन् । यस भित्र वालवालिका र शिशुको समेत संख्या समावेश भएकोले यस्तो तथ्याङ्क निस्केको हो ।

## २.८. हावापानी र वातावरण :

धरातलीय स्वरुप अनुसार यहाँको हावापानीमा केही विविधता पाईन्छ । सामुन्द्रिक सतहदेखि १,२६२ मिटर देखि २,०३२ मिटर सम्मको उचाइमा पर्ने यो क्षेत्रमा वर्षामा गर्मी र हिउँदमा अत्याधिक जाडो हुन्छ र यहाँको औसत हावापानी समशितोष्ण रहेको छ । यहाँको तापक्रम -२ डिग्री सेन्टिग्रेड देखि ३६ डिग्री सेन्टिग्रेडसम्म रहन्छ । भौगोलिक दृष्टिकोणले यसको अधिकांस भाग समथर रहेको छ । त्यस्तै गरी यहाँको औषत वर्षा १,७६४.४ मि.मि. रहेको छ ।[८]

## २.९. बाटोघाटोको अवस्था :

यो गा.वि.स. काठमाण्डौ महानगरपालीका सँग जोडिएको गा.वि.स. भएकोले गर्दा बाटो घाटोको राम्रो सुविधा रहेको छ । तर पनि यस गा.वि.स.मा सम्पूर्ण क्षेत्रमा कालोपत्रे सडक भने पुग्न सकेको छैन तर कच्ची नै भएपनि यो गा.वि.स. सडक यातायातको दृष्टिले सुविधा युक्त भने छ । हाल आएर देशमा उत्पन्न विभिन्न समस्याका कारण पहिले कालो पत्रे गरिएका सडकहरुपनि भत्कन गइ तिनीहरुको अवस्था एकदमै नाजुक छ र सुरक्षाका दृष्टिले हेर्ने हो भने सन्तोषजनक नै छ ।

## २.१०. खानेपानीको अवस्था :

राजधानी काठमाण्डौ अथवा मुलुकमा नै एक मात्र महानगरपालिका काठमाण्डौ सँग जोडिएको गा.वि.स. भएतापनि खानेपानीको दृष्टिले हेर्दा सन्तोषजनक छैन । किन भने यस गा.वि.स.मा करिव

[८] जिविसको कार्यालय, काठमाण्डौ, **जिविस वुलेटिन,** २०६२ ।

७० प्रतिशत घरपरिवारले इनारको पानी प्रयोग गरेको पाइन्छ । पाइप लाईनको पानीको सुविधा भने न्यून रहेको छ जसका कारण यस गा.वि.स.का जनताहरु शुद्ध पिउने पानीको सुविधाबाट टाढै रहेका छन् । हुनसक्छ वत्तीमुनीको अंधेरो भनेझैं राजधानी संगैको गा.वि.स. भएर पनि यसमा सरकारको ध्यान पुग्न सकेको देखिदैन ।

## अध्याय-तीन

## जोरपाटीका तामाङ समुदायको सामाजिक अवस्था

नेपाल विभिन्न जातजातिहरुको साझा थलो हो । नेपाल सरकारले यहाँका ५९ जातिलाई आदिवासी जनजातिको रुपमा सूचिकृत गरेको छ । नेपाल सरकारले निम्न विशेषता भएका जातिलाई आदिवासी जनजातिको रुपमा सूचिकृत गरेको छ ।[९]

- जसको आफ्नो छुट्टै सामुहिक, सांस्कृतिक पहिचान छ ।
- जसको आफ्नो परम्परागत भाषा, धर्म, रितिरिवाज र संस्कृति छ ।
- जसको आफ्नै परम्परागत भौगोलिक क्षेत्र छ ।
- जसको लिखित वा अलिखित इतिहास छ ।
- जुन समुदाय भित्र हामीको भावना छ ।
- जो नेपालको आदिवासी हो ।
- जसले आफूलाई जनजाति भन्दछ ।

यिनै विशेषताका आधारमा आदिवासी जनजातिको पहिचान गरिएको छ । आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ मा "आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज छुट्टै सांस्कृतिक पहिचान छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची वमोजिमको जाति वा समुदायलाई सम्झनु पर्छ ।[१०] सरकारले पहिचान गरेका ५९ आदिवासी/जनजातिहरु मध्ये पहाडी भू-भागमा बसोबास गर्ने तामाङ जाति पनि एक हो । मानिस एक सामाजिक प्राणी भएकोले् समाज विना ऊ एक्लै रहन सक्दैन । व्यक्ति-व्यक्ति मिलेर परिवार अनि धेरै परिवार मिलेर समाजको निर्माण हुने भएको हुनाले यस भित्र विभिन्न जाति, वर्ग, धर्म, लिङ्ग आदि हुन्छन् । यसरी समाजमा बस्ने सम्पूर्ण जाति मिलेर एउटा पूर्ण समाजको निर्माण भएको हुन्छ । यस जातिको आफ्नो छुट्टै परम्परागत जातीय पहिचान सहितको समाज रहेको छ । समाज संचालन गर्न

---

[९] भट्टचन, कृष्णबहादुर, **आदिवासी जनजातिका सवालहरुमा कानुनी सचेतना नेतृत्व विकास र जनवकालत**, ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ, सन् २००५, पृ.१०६ ।

[१०] **उहि,** पृ.१०७ ।

अन्य जातिमा जस्तै विभिन्न जातजातिहरु सँगै बसोबास गर्नुका साथै एक अर्कोमा सहयोग आदान प्रदान गर्ने गरेको पाइन्छ।

## ३.१. जोरपाटी गा.वि.स.,वडा नं ७ को जनसंख्या विवरण :

यस अध्ययन अनुसार उक्त वडामा जम्मा घरधुरी संख्या ८३९ रहेको पाइएको छ । जसमा पुरुषको संख्या २०५५ र महिलाको संख्या १,९२७ गरी जम्मा ३,९४२ जनसंख्या रहेको छ। जसमध्य २५ घरधुरी तामाङ जाति रहेका छन् । उक्त स्थलगत सर्वेक्षणको आधारमा प्राप्त तथ्याङ्क निम्नअनुसार वर्गिकरण गरिएको छ ।

## ३.२. लिङ्गको आधारमा जनसंख्या :

समाजमा दुई प्रकारका शारिरिक वनौट भएका मान्छे हुन्छन् । सृष्टिको सुरुवात देखि नै यसलाई चलाउन तथा निरन्तरता दिन यसले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यी जाति हुनः महिला र पुरुष । यस अध्ययन क्षेत्र काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स. वडा नं. ७ स्थित जम्मा तामाङ वस्तीहरुको २५ घरपरिवारमा गरिएको सर्वेक्षण अनुसार लिङ्गको आधारमा तयार पारिएको उत्तरदातालाइ आवश्यकता अनुसार वर्गीकरण गरिएको छ ।

**तालिका १०**

लिङ्गको आधारमा जनसंख्या

| क.सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १२६ | ५८.३४ |
| २ | महिला | ९० | ४१.६६ |
| जम्मा | | २१६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा सर्वेक्षण गरिएको जम्मा २५ घरधुरीहरुमा पुरुष १२६ जना अर्थात् ५८.३४ प्रतिशत र महिला ९० जना अर्थात् ४१.६६ प्रतिशत रहेको छ । यसरी हेर्दा महिलाको भन्दा पुरुषको जनसंख्या ४०.०० % ले बढी रहेको पाईयो ।

## ३.३. उमेरको आधारमा जनसंख्या :

सृष्टिको सुरुवातदेखि नै मानव समाजमा सक्रिय रुपमा कार्यरत रहिरह्यो । सक्रिय र आश्रीत अनि वृद्धा र वच्चा जस्ता शव्द उमेरको आधारमा आउने गर्दछ । यस तामाङ बस्तीका वासिन्दालाई पनि स्थलगत सर्वेक्षणको आधारबाट प्राप्त तथ्याङ्कलाई विभिन्न उमेरको आधारमा वर्गिकरण गरिएको छ । जसमध्ये (०-४),(५-९),(१०-१४),(१५-१९), (२०-२४), (२५-२९), (३०-३४), (३५-३९), (४०-४४), (४५-४९), (५०-५४), (५५-५९)(६०-६४),(६५-६९)(७०-७४) र (७५ माथि) गरी १६ वर्गमा विभाजन गरिएको छ । यस अध्ययन अनुसार जोरपाटी गा.वि.स.को जनसंख्याको उमेरगत विवरणको तालिकालाई हेर्दा २०–२४ वर्ष उमेर समूहको जनसंख्या अधिक रहेको देखिन्छ जहाँ पुरुष २५ जना र महिला ११ जना गरी कूल ३६ जना रहेको छ जुन कूल जनसंख्याको १६.५८% हुनआउँछ । यहाँ ६० बर्ष भन्दा माथिका बृद्ध–बृद्धाको संख्या भने निकै कम रहेको छ । अध्ययन गरिएको वडाका तामाङ समुदायको उमेर यस प्रकार रहेको छ ।

**तालिका ११**

**उमेरको आधारमा जनसंख्या विवरण**

| क.सं. | उमेर समूह | महिला | पूरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-४ | १२ | ९ | २१ | ९.८१ |
| २ | ५-९ | ११ | १३ | २४ | ११.०० |
| ३ | १०-१४ | १० | १० | २० | ९.४८ |
| ४ | १५-१९ | ८ | २३ | ३१ | १४.५५ |
| ५ | २०-२४ | ११ | २५ | ३६ | १६.५८ |
| ६ | २५-२९ | ८ | २० | २८ | १२.८५ |
| ७ | ३०-३४ | ८ | ११ | १९ | ८.६३ |
| ८ | ३५-३९ | ६ | ७ | १३ | ५.९२ |
| ९ | ४०-४४ | ५ | २ | ७ | ३.०५ |
| १० | ४५-४९ | ३ | २ | ५ | २.५४ |
| ११ | ५०-५४ | २ | २ | ४ | १.८६ |
| १२ | ५५-५९ | २ | १ | ३ | १.१८ |
| १३ | ६०-६४ | ३ | (१ | २ | १.०२ |
| १४ | ६५-६९ | १ | १ | २ | ०.८५ |
| १५ | ७०-७४ | ० | १ | १ | ०.६८ |
| १६ | ७५-माथि | ० | ० | ० | ०.०२ |
| | जम्मा | ९० | १२६ | २१६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

## ३.४. शैक्षिक स्थिति :

आधुनिक युगमा शिक्षा एक अपरिहार्य र आर्जन गर्नै पर्ने चीज बनेको छ । शिक्षाले अन्धकाररुपी अज्ञानतालाई तथा अशिक्षालाई हटाइ समाजलाई प्रगती पथमा लम्कन सघाउ पुऱ्याउँछ । शिक्षा विनाको मानिस पशु सरह मानिन्छ । शिक्षित मानिस ज्ञानी, इमान्दारी, नैतिक, चरित्रवान र भलादमी हुन्छ । त्यसैले पनि यसको आवश्यकता बढ्दै गएको हो ।

अध्ययन गरिएको उत्तरदाताको संख्यालाई शैक्षिक स्थितिको आधारमा पनि वर्गिकरण गरिएको छ । जुन शैक्षिक स्थितिका आधारलाई साक्षर, निरक्षर, प्राथमिक, निम्न माध्यामिक, माध्यामिक, उच्च माध्यामिक र उच्च शिक्षा गरी वर्गिकरण गरिएको छ । अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्क निम्न अनुसार तालिकिकरण गरी वर्गीकरण गरिएको छ ।

**तालिका १२**

शैक्षिक स्थितिको अवस्था

| क.सं. | शैक्षिक अवस्था | संख्या | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | १२२ | ५६.४८ | ३६ | ४०.०० | ८६ | ६८.२५ |
| २ | निरक्षर | ९४ | ४३.५२ | ५४ | ६०.०० | ४० | ३१.७५ |
| जम्मा | | २१६ | १००.०० | ९० | १००.०० | १२६ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

यस अध्ययन क्षेत्रको सर्वेक्षणको प्राप्त तथ्याङ्कक अनुसार साक्षर हेर्दा महिला साक्षर ३६ जना र पुरुष साक्षर ८६ जना अर्थात् महिला साक्षर ४०.०० % र पुरुष साक्षर ६८.२५ % रहेको देखिन्छ । यसको मतलव यस क्षेत्रको तामाङ समुदायमा महिला निरक्षरता पुरुष भन्दा २५.९३ % ले बढी निरक्षण रहेको पाईयो । यसै गरी यस क्षेत्रमा १ महिला र २ पुरुष गरी जम्मा ३ अर्थात् २.४६ प्रतिशत तामाङले अनौपचारिक शिक्षा वा पौढ शिक्षा मार्फत शिक्षा लिएको पाइइयो । त्यसैगरी २२ महिला र ३८ पुरुष गरी जम्मा ६० अर्थात् ४९.१८ प्रतिशत, प्रा.वि., १० महिला र १६ पुरुष गरी जम्मा २६ अर्थात् २९.५१ प्रतिशत नि.मा.वि., २ महिला र १४ पुरुष गरी जम्मा १६ जना अर्थात् १३.११ प्रतिशत, मा.वि. ,१ महिला र ४ पुरुष गरी जम्मा ५ अर्थात् ४.१० प्रतिशत उ.मा.वि.अनि २ पुरुष मात्र अर्थात् १.६४ र उच्च शिक्षा आर्जन गरेको देखिन्छ । यस कुराको पुष्टि तलको तालिकावाट हुन्छ ।

## तालिका १३

तहगत रुपमा शैक्षिक स्थितिको अवस्था

| क.सं. | तहगत शीर्षक | संख्या | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा | ३ | २.४६ | १ | २.२३ | २ | २.४१ |
| २ | प्रा.बि. | ६० | ४९.१८ | २२ | ६१.१३ | ३८ | ४४.१८ |
| ३ | नि.मा.वि. | ३६ | २९.५१ | १० | २८.८१ | २६ | ३०.१२ |
| ४ | मा.वि. | १६ | १३.११ | २ | ५.६० | १४ | १६.०६ |
| ४ | उ.मा.वि. | ५ | ४.१० | १ | २.२३ | ४ | ५.२२ |
| ६ | उच्च शिक्षा | २ | १.६४ | ० | ०।०० | २ | २.०१ |
| जम्मा | | १२२ | १००।०० | ३६ | १००।०० | ८६ | १००।०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

### ३.५. वैवाहिक स्थिति :

आ-आफनो परम्परा अनुसार गरिने संस्कार जस्ले केटा र केटीलाइ सँगै बस्ने कानुनी वा सामाजिक मान्यता प्रदान गर्दछ, त्यसलाइ विवाह भनिन्छ । यस सम्बन्धमा पनि पत्नीले बच्चा जन्माउने अवसर प्राप्त गर्दछन् भने चेलीले आफनो जन्मघर छोडी कर्मघर जाने गर्दछन् । हिन्दु परम्परा अनुसार विवाह गर्नु अनिवार्य छ । पारिवारिक र व्यवहारिक जीवन विताउनको लागि विवाह गरिन्छ । विवाह एउटा सामाजिक संस्कार पनि हो ।

यस वडाको स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई विवाहित र अविवाहित, दुई वर्गलाई तालिकिकरण गरी बर्गीकरण गरीएको छ । जुन तथ्यहरु निम्न अनुसार दिइएको छ ।

## तालिका १४

विवाहको आधारमा जनसंख्या

| क.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋविवाहित | ८६ | ३९.८१ |
| २ | एकल विवाह | ११८ | ५४.६४ |
| ३ | बहु विवाह | ३ | १.३९ |
| ४ | पुनः विवाह | ३ | १.३९ |
| ५ | विदुर/विधवा | २ | ०.९३ |
| ६ | सम्वन्ध विच्छेद गरी पूर्नर विवाह गर्ने | ३ | १.३९ |
| ७ | उल्लेख नभएको | ० | ०।०० |
| ८ | सम्वन्ध विच्छेद गरी एकल जीवन बिताएका | १ | ०.४६ |
| | जम्मा | २१६ | १००.०० |

स्रोत : जोरपाटी गाउँ पार्श्व चित्र, २०६६ ।

यस अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार एकल विवाह गर्ने ब्यक्ति धेरै रहेका छन् जुन कूल जनसंख्याको ५४.६४% हुन आउछ । त्यस्तै गरी अविवाहित ब्यक्ति निकै बढी रहेका छन् थाहा हुन्छ जुन कूल जनसंख्याको ३९.८१ % हुन आउछ । यसको मतलव यो होईन की त्यहाँका ३९.८१ % युवायुवती अविवाहित छन् । यस भित्र वालवालिका र शिशुको समेत संख्या समावेश भएकोले यस्तो तथ्याङ्ग निस्केको हो ।

## ३.६. परिवारको किसिम :

मानव सभ्यताको सुरुवात देखिनै परिवारको विकास भएको पाइन्छ । बच्चाहरुले सम्पूर्ण सामाजिकरणका कुरा परिवारबाट सिक्ने भएकोले यसलाई पाठशाला पनि भनिन्छ । सामान्यतया परिवार तीन प्रकारका हुन्छन् । आमा-बुवा र अविवाहित छोरा-छोरी रहेको परिवारलाई एकात्मक, तीन वा सो भन्दा बढी पुस्ता एउटै परिवारमा रहनुलाई संयुक्त परिवार भनिन्छ । सदस्य संख्या बढी भएका तीन पुस्ता भन्दा बढी सदस्य एउटै परिवारमा बसेका छन् भने त्यस्तो परिवारलाई बृहत् परिवार भनिन्छ ।

प्राचिनकाल भन्दा आधुनिककालमा एकात्मक परिवारको सख्या दिनानुदिन बढ्दै गएको पाइन्छ । यस अध्ययन क्षेत्र अनुसार तामाङ बस्तीमा पनि संयुक्त परिवार भन्दा एकात्मक परिवार बढी रहेको पाइयो । यसरी अध्ययन क्षेत्रमा पाइएका किसिमलाई निम्न तालिका अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका १५**

परिवारको किसिमको आधारमा घरधुरी

| क.स. | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संयुक्त परिवार | ९ | ३६ |
| २ | एकात्मक परिवार | १६ | ६४ |
| जम्मा | | २५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथि उल्लेखित तालिका अनुसार संयुक्त परिवार ९अर्थात् ३६ प्रतिशत र एकात्मक परिवार १६ अर्थात् ६४ प्रतिशत रहेको छ । यसरी तुलनात्मक रुपमा हेर्दा संयुक्त भन्दा एकात्मक परिवारको संख्या बढी देखिन्छ र यसको कारण यो अध्ययन क्षेत्र कृषि पेशाबाट टाढा रहनु ,राजधानी काठमाडौ सँगैको क्षेत्र भएको कारण चेतना र विभिन्न पेशा र प्रभावका कारण एकात्मक परिवार तिर उन्मुख भएको पाइयो ।

## ३.७ परिवार नियोजनबारे जानकारी :

जनसंख्या बृद्धिलाई अस्थायी वा स्थायी तरीकाले रोक्ने विधि नै सामान्यतया परिवार नियोजन हो । मान्छेको संख्यामा बृद्धि हुने वित्तिकै उक्त आधारभुत आवश्यकता पनि बृद्धि हुने गर्दछ । बढ्दो आवश्यकतालाई परिपूर्ति गर्नको लागि साधन तथा स्रोतमा भरपर्नु पर्दछ। एकातिर साधन र स्रोत बढ्नु सट्टा दिन प्रतिदिन घट्दो क्रममा छ भने अर्कोतिर बढ्दो जनसंख्यालाई आवश्यकतामाङ नियन्त्रण गर्न अप्ठेरो परेको छ। परिवार नियोजन मध्ये स्थायी परिवार नियोजन गर्नाले शारिरिक रुपमा कमजोर हुने, काम गर्ननसक्ने हुने तथा फेरि बच्चा नहुने जस्ता दुष्प्रचारले गर्दा स्थायी परिवार नियोजन भने कसैले पनि नगरेको पाइयो भने अस्थायी भने धेरैले प्रयोग गरेको पाइयो ।

यस गा.वि.स. मा परिवार नियोजनको प्रचार प्रसार राम्रो पाइएको छ । यस अध्ययन क्षेत्रमा तामाङ जातिमा स्वास्थ्य, शिक्षा र चेतनाको राम्रो प्रभाव परेको कारण राम्रै रुपमा अस्थायी साधनहरु प्रयोग गरेको पाइएको छ।

## ३.८. उपचार गर्ने ठाउँको अवस्था :

रोग लाग्नु भन्दा लाग्न नै नदिनु बुद्धिमानी हुन्छ। तर पनि कुनै बेला विरामी पर्न सक्छ। तसर्थ त्यस्तो अवस्थामा उसलाई उपचारको आवश्यकता पर्दछ । सही उपचार र औषधि पाउन नसकेको अवस्थामा ब्यक्तिको मृत्यु पनि हुन सक्छ , उपचार गर्ने पद्धति र तरिका भने ठाउँ अनुसार फरक-फरक हुनसक्छ । यस जोरपाटी गा.वि.स. काठमाडौं जिल्लाको सुगम् स्थानमा अवस्थित भएकोले पनि धामी भ्राक्री भन्दा आधुनिक औषधि उपचारमा विश्वास गर्नेको संख्या बढी पाइयो । पुराना पुस्ताका नगन्य संख्याले धामी भ्राक्रीमा विश्वास राखेतापनि अहिलेका युवा पुस्ताले भने यसलाई पन्छाउँदै गएको पाइयो । र नयाँ पुस्ताको प्रभावले बुढापाकाहरु पनि आधुनिक चिकित्सा पद्धतिलाई नै अंगाल्न पुगेको पाइयो । यस गा.वि.स. वडा नं ७ मा तामाङ जातिमा गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्न अनुसार तालिकिकरण गरी वर्गीकरण गरेर देखाइएको छ ।

**तालिका १६**

उपचार गर्ने ठाउँको आधारमा वर्गीकरण

| क. सं | उपचार गर्ने ठाँउ | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल | ६८ | ३१.४८ |
| २ | स्वास्थ्यचौकी | ६० | २७.७८ |
| ३ | औषधी पसल | ७३ | ३३.८० |
| ४ | धामी झाँक्री | १५ | ६.९४ |
| जम्मा | | २१६ | १००.००० |

स्रोत : स्थगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार जम्मा २५ घरपरिवार मध्ये अस्पताल ६८ अथवा ३१.४८ प्रतिशत स्वास्थ्य चौकीमा ६० अथवा २७.७८ प्रतिशत औषधी पसलमा ७३ अथवा ३३.८० प्रतिशत र धामी झाँक्रीकोमा १५ अथवा ६.९४ प्रतिशत रहेको पाइएको छ । यसरी तुलनात्मक रुपमा हेर्दाखेरी धामी झाक्रीको सट्टामा आधुनिक चिकित्सा पद्धतिलाई अपनाउनुको कारण शहरीकरणको प्रभाव, शिक्षा, स्वास्थ्य क्षेत्रमा आएको चेतनाले नै हो ।

## ३.९. अन्य जातिहरुसँगको सम्बन्ध :

यस अध्ययन क्षेत्र जोरपाटी गा.वि.स. वडा नं ७ का तामाङ जातिहरु प्राचीनकाल देखि नै सोझा, सिधा, विश्वासीला र मिजासिला छन् । प्रायः यी जातिहरु आफ्नै जाति सँग बस्न रुचाउने भएता पनि अहिलेको शहरीकृत आधुनिक समाजमा अन्य जातिहरु जस्तैः ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ्ग र अन्य जातिहरु सँग अन्तर सम्बन्ध रहेको पाइयो । हाल केही वर्ष यता आएर काठमाडौ उपत्यकामा मानव बस्ती बाक्लीने क्रम बढदो छ जसका कारण यो गा.वि.स. को वडा नं ७ पनि टाढा रहन सकेन । यहि कारण हाल आएर झन यी जातिहरुको अन्तर सम्बन्ध अन्य धेरै जाति सँग पनि बढेको पाइयो । तर यति धेरै सम्बन्ध हुँदा हँदै पनि विवाह, छेवर, मृत्यु संस्कारमा भने आफ्नै जाति बीच हुने गरेको पाइन्छ ।

### ३.१०. शान्ति सुरक्षाको अवस्था :

यस अध्ययन क्षेत्रमा उत्तरदाता सँगको प्रत्यक्ष भेटघाट बाट पाइएको तथ्याङ्क अनुसार शान्ति सुरक्षा तथा झै-झगडा का अवस्था अलि असामान्य पाइयो । यस अन्तरगत मदिरा सेवन गर्ने जातिय अधिकारको कुरो भएकोले कहिले काही जात्रा, भोजभतेर, विवाह, छेवर, मृत्यु संस्कार घेवा आदि कार्यमा भने मादक पदार्थ जाँड, रक्सी खाएर कुनै कुनै व्यत्तिहरुले हो-हल्ला गर्ने र उक्त सानोतिनो झगडालाई स्थानिय स्तरमै समाधान गरिने व्यवस्था रहेको छ । तर यस क्षेत्रमा शहरीकरणको प्रभाव परेको र आधुनिकताको नक्कल र वेरोजगागीको कारण अन्य समयमा पनि बेलाबेलामा मादक पदार्थ सेवन गरी हो-हल्ला गर्ने गरेको पाइएको छ । तसर्थ शान्ति सुरक्षाको स्थितिमा अलि असामान्य खालको भेटियो ।

## अध्याय-चार

## जोरपाटीका तामाङ समुदायको सांस्कृतिक अवस्था

मानवीय जीवनलाई व्यवहारिक रुपमा सरलीकरण गर्नको लागि प्रयोगमा ल्याइएका मूर्त तथा अमूर्त वस्तुहरु जस्तैः- साहित्य, कला, भाषा, इतिहास, दर्शन, मुल्य, मान्यता, परम्परा आदिलाई संस्कृति भनिन्छ । यसको निर्माण एकै चोटी नभई मानव उत्पत्तिको उषाकालदेखि नै भएको पाइन्छ । साथै समयको परिवर्तन संगै यसमा पनि धेरथोर परिवर्तन आएको पाइन्छ । समाज पिच्छे, जातिनै पिच्छे यसको रुप अलग-अलग पाइन्छ । समग्रमा भन्नु पर्दा समाजका सदस्यले मान्ने चाडपर्व, रीतिरीवाज, परम्परा, मान्यता, धर्म, खानपान, रहनसहन, भेषभुषा, भाषा, विश्वास जस्ता संस्कारहरु जन जीवनको सुरुवातदेखि मृत्यु पर्यन्त गरिन्छ जसलाई संस्कृति भनिन्छ ।

### ४.१. संस्कारहरु :

मानिस बाचुन्जेल र मृत्यु पछि गरिने निश्चित कार्यहरु वा नियमहरु नै संस्कार हो । पूर्खाबाट चल्दै आएका यस्ता संस्कारहरु पुस्तौ पुस्ता हस्तान्तरण हुदै जान्छ । मान्छेमा भएका अवगुण हटाई शुद्ध पार्ने, शारिरिक, वौद्धिक, आत्मिक विकास गर्न र सामाजिक कारणको दृष्टिकोणले पनि संस्कार महत्वपूर्ण छ । प्रत्येक जातिका आ-आफ्नै जातिय परम्परा, कुल मर्यादा रहेका हुन्छन । गर्भाधारणदेखि मृत्यु सम्मका सामाजिक स्वरुपहरु यस अन्तर्गत पर्दछन् । हिन्दु धर्म मान्ने ब्राम्हण, क्षेत्रीको संगत भएका यस गा.वि.स.का तामाङहरुको संस्कारहरु निम्न प्रकार छन् ।

### ४.१.१. जन्म संस्कार :

गर्भ रहेको अवस्थामा आमा र शिशुको स्वास्थ्य राम्रो रहोस भनी लामा द्वारा पाठ गर्ने र आफ्नो कूल अनुसार टीकागर्ने प्रचलन रहेको छ । यस बाट आमा र शिशुको कल्याण हुने विश्वास गरिन्छ । गर्भ रहेको अवस्थामा श्रीमान श्रीमती दुवैलाई अशुद्ध मान्ने चलन रहेको छ ।

यस गा.वि.स.को अध्ययन क्षेत्र वडा नं. ७ मा स्थायी रुपमा वसोवास गर्द आएका तामाङ समुदायको संस्कार पनि अन्य जातिहरुको जस्तो् सामान्य छ । किन भने यस वस्तीमा वरपर वढी व्राम्हण र क्षेत्रीको वसोवास भएको र उनीहरुसंग वढी नजिक सम्वन्ध भएकोले यी जातिहरुको हरेक संस्कारमा बढी प्रभाव पारेका पाइएको छ । जव आमाले वच्चालाई जन्म दिन्छिन् तब यसलाई सुत्केरी

भन्ने चलन छ । सुत्केरी भैसकेपछि विशेष रुपमा परिवारका सदस्यहरुले पोषिलो खानेकुराहरु खुवाउने चलन छ । जस्तो मासु घिऊ आदि । यदि सुत्केरी हुँदा कुनै पनि किसिमको चाडपर्व वा अन्य कामहरु मान्दैनन् । यसलाई सुतक परेको भनी अन्य काम गर्नु हुँदैन भन्ने मान्यता छ । यस क्षेत्रका जातिको जन्म संस्कार अन्य जातिको संस्कार संग करिव करिव मिल्दो जुल्दो छ ।

### ४.१.२. **नामाकरण संस्कार (थाप्साङ-मीन थान्वा)** :

नवजात शिशुको नामाकरण गर्दा तामाङ समुदायमा शिशु जन्मेको ५औं दिनमा वा विजोड दिन पारेर ७,९,११ दिनमा लामा पुरोहितहरु द्वारा गर्ने गरिन्छ । लामा पुरोहितले “चि” वौद्ध पात्रो अनुसार शिशुको नाम राख्ने प्रचलन रहेको छ । नामाकरण गर्दा लामाले साङछोई १०८ मन्त्र द्वारा शुद्ध गर्ने गरिन्छ । यस संस्कार सम्पन्न गर्दा छिमेकी एवं आफन्तहरुलाई भोज खुवाउने चलन रहेको छ ।[११]

जोरपाटीका तामाङ समुदायको नामाकरण गर्ने तरिका आफ्नै किसिमको छ । ९ औं दिनमा बच्चाको नामाकरण गर्ने चलन छ । उक्त नामाकरणको बेला लामालाई बोलाईन्छ र लामा विधिबाट बच्चाको नाम राख्ने चलन छ । नामाकरण गर्ने प्रकृया भने अलि फरक छ । नाम राख्दा विशेष बार लाई ध्यान दिने गर्दछन् । जुनबार बच्चाको जन्म भएको हो त्यसै बारको नामबाट त्यस बच्चाको नामाकरण गरिन्छ । मंगलबार जन्मिने मंगले, बुधवार जन्मिने बुद्धे, विहिवार जन्मिमा विरे, शुक्रबार जन्मेमा शुरे र शनीवार जन्मेमा शिउरे आदि ।

यदि छोरी जन्मेको खण्डमा भने क्रमको आधारमा ठुलीमायाँ, माईली, साईली, सानी कान्छी, कान्छी इत्यादी नामले पुकारिन्छ । लामालाई नाम राखेबापत १ माना चामल, भेटी र एक बोतल रक्सी चढाउनु पर्दछ । यति भैसकेपछि नामाकरण संस्कार पूरा हुने कुरा उक्त अध्ययन क्षेत्रका तमाङहरु बताउँछन् । तर नामाकरण संस्कार यसरी गरिएतापनि आधुनिकताको प्रभावले आजभोली अन्य नामहरु पनि धेरै नै प्रयोगमा आएको पाइन्छ जस्तै रचना, रितेश, नितेश, आदि ।

### ४.१.३. **पास्नी (कान ख्वावा)** :

यस क्षेत्रमा वसोवास गर्ने तामाङ समुदायमा शिशु जन्मेको ५ महिनामा लामा पुरोहितले वौद्ध पात्रो अनुसार जस्को हातबाट भात खुवाउने साइत जुर्छ उसैको हातबाट भात खुवाउने चलन रहेको छ

---

[११] प्रेमध्वज लामा, **नेप्लिज कल्चर** अंक ११ , काठमाडौं : **नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग**, २०६ड, पृ. ५० ।

। शिशुलाई यस दिन नयाँ चोखो कपडा लगाईदिने एवं आशिर्वाद दिने गरिन्छ । यसै दिन लामा, ताम्वा र वोन्व द्वारा कुल देवतालाई टीकागर्ने गरिन्छ । छिमेकी एवं आफन्तहरुलाई बोलाई भोज खुवाउने प्रचलन रहेको छ ।

### ४.१.४. छेवर :

तामाङ समुदायमा छोराको ३ वर्षदेखि ७ वर्षको उमेरमा कपाल काट्ने संस्कार छ । प्रायः जसोले विजोड वर्षमा पारी ९-११ वर्षमा पनि यो संस्कार गर्ने गर्दछन् । छेवरमा मामाको प्रमुख भुमिका रहेको हुन्छ । आफ्नो मामा नभएमा नजिकको मामालाई भएपनि बोलाएर कपाल काट्ने चलन छ ।

लामाले छेवरको साइत हेरेपछि छेवर गर्ने निश्चित दिन तोकिन्छ । त्यसपछि मामालाई निम्ता गरिन्छ । मामालाई निम्तो गर्दा सगुन पनि संगै पठाइन्छ । सगुन भन्नाले एक बोतल रक्सी, बाबर, कुखुरालाई जनाउँछ । मामाहरु सगोलमा भए एउटै सगुनले पुग्छ भने भिन्दा-भिन्दै भएमा फरक फरक सगुन पठाउनु पर्दछ । यसरी सगुन पाइसकेपछि मामाले अनिवार्य रुपमा भान्जाको लागि छेवर गर्दा चाहिने नयाँ कपडा जस्तो सेतो दौरा सुरुवाल, फेटा, जुत्ता, छाता र भाडाकुडाहरु खड्कुलो, गाग्री, बाट आदि लानु पर्दछ । सबै मामाहरु एकै साथ जाँदा बीच बाटोमा भान्जाको परिवारले स्वागत गर्न डम्फु वा बाजा बजाएर आउँछन् । मामालाई स्वागत गरेपछि भान्जाका आमाबाबुले सगुन राखी ढोगभेट गर्छन । यसपछि मामालाई बोकेर घरमा लैजान्छन् । घरमा मामा पुगेपछि छेवरको कार्यक्रम शूरु हुन्छ । छेवर कार्य समाजका मान्यजन्य, बुढापाका र लामाद्वारा गरिन्छ । घर अगाडी आँगनमा लिपपोत गरी पैयूको चारवटा हाँगालाई चार दिशामा गाडेर मन्डप बनाउँछन् । वरिपरि छेउमा रक्सी, जाँड, बाबर, सेलरोटी, कुखुराको मासु, राँगाको मासु र अन्य थरीथरीका नैवेदहरु टपरीमा राखिएको हुन्छ । त्यसपछि लामाले पाठ पढ्ने काम गर्दछन र मामाले नयाँ छुरीले भान्जाको कपाल काट्ने गर्दछन । कपाल तल भुइमा नपरोस भनेर भान्जाका दिदी बहिनीले टपरीमा कपाल राख्दछन् । अलिकति कपाल काट्न बाँकी राख्छन । १५ दिनपछि उक्त कपाललाई लामालाई काट्न लगाउँछन् । त्यसलाई टाप्चे भनिन्छ । टाप्चे गरिसकेपछि काटमार, हिंसा गर्नु हुदैन भन्ने मान्यता छ । त्यसपछि भान्जालाई आफ्नो इष्टमित्र, नातगोता सवैले टिका लागाईदिई भोजभतेर खाने चलन छ । यसरी यस क्षेत्रका तामाङ समुदायले छेवर संस्कार सम्पन्न गर्दछन् ।

### ४.१.५. विवाह :

विवाह एक पति र पत्नीविचको सौहार्दपूर्ण सम्बन्ध हो । यस अध्ययन क्षेत्रको तामाङ समुदायमा पनि विवाहि एक सामाजिक संस्कारको रुपमा स्थापित भएको छ । तामाङ समुदायमा एउटै गोत्र र थरमा विवाहवारी हुँदैन । तर मामा चेला र फुपुचेली बीच भने अधिकारै लाग्छ । तामाङ समुदायमा विभिन्न किसिमका विवहका प्रकारहरु रहेको पाइएको छ जुन यस प्रकार छ ।

### ४.१.५.१. मागी विवाह :

वर तथा कन्या वीचमा स्वीकृति भन्दा पनि केटा र केटीका आमावावु वीच सम्झौता गरी विवाह गर्ने प्रथालाई मागी विवाह भनिन्छ । तामाङ समुदायमा मामाचेला फुपुचेली वीच विवाह गर्ने प्रचलन रहेको पाईन्छ । यदि मामाचेला र फुपुचेलीबीच केटाकेटीको अभाव देखिएमा मात्र अन्यत्र केटा वा केटी खोज्ने चलन छ । मागी विवाह गर्दा विशेष कुरा के हेर्छन भने केटा भन्दा केटीको उमेर ५/६ वर्षले वढी खोज्छन किनभने यसको कारण भनेको  घरायसी कार्य र खेतीपातीको कार्यमा बढी उमेरका केटीले सहयोग गर्न सक्ने हुनाले त्यस्तो प्रकारको विवाह गर्ने गरिएको हो भन्ने कुरा बताईन्छ ।

शुरुमा केटी माग्न जाँदा पोङ लिएर जानु पर्दछ । यदि केटी पक्षबाट उक्त पोङ समाइएमा मञ्जुर भएको मानिन्छ । दोस्रो पटक पनि पोङ् लगिन्छ जसलाइ ठेगाना पोङ भनिन्छ । यस पोङले विवाहको कुरा भएको मानिन्छ । त्यसपछि लामालगाइ विवाहको साइत जुराईन्छ । छेवरमा जस्तैगरी विवाहमा पनि मामाको भूमिका महत्वपूर्ण हुन्छ । मामालाई निम्तो गर्नका लागि सगुन लानु पर्दछ र मामालाई स्वागत गरेर घरमा ल्याउनु पर्ने हुन्छ । त्यसपछि मामाले बेहुलालाई सम्पूर्ण लगाउने लुगाफाटाहरु जस्तो कि दौरा सुरुवाल, कम्मरमा पटुका, फेटा, जुत्ता लगाइदिनु पर्छ । विवाहमा लामा आवश्यक पदैन । तर ताम्बा र बोम्बोको भूमिका भने प्रमुख हुन्छ । बेहुलालाई सिंगार पटार गरी घरबाट अन्माइन्छ । कन्याको, घरमा पुग्ने वेलामा जन्तीलाई कन्या पक्षको घर गाउँलेले पैयुँको गेडा, खनायोको गेडाले हिर्काइ जन्ती पर्साउने चलन छ । त्यसपछि भने कन्याले बेहुलालाइ माला लगाइदिन्छिन । घरको मुलढोकामा रक्सी, फुल र रोटी राखेर जन्तीको स्वागत गर्दछन् । त्यसपछि केटा पक्षबाट त्याएका गहना र कपडा केटी पक्षलाई दिइन्छ । केटा र केटीलाई एउटै ठाउँमा राखेर सगुन खुवाइन्छ । सगुन खुवाउदा केटाले केटीलाई  खुवाइन्छ जसलाई सिही दङ भनिन्छ । त्यस्तै गरी केटीले केटालाई खुवाइन्छ जसलाई हेमादङ भनिन्छ । सगुन खाने कार्य समाप्त भएपछि विवाह कार्य शुरु हुन्छ

। विवाहमा गएका सवै जन्तीलाइ भोज खुवाउने चलन छ । बाहिर बारीका पाटामा बसाएर खुवाउने चलन छ । त्यसपछि चार दाम दिने काम हुन्छ । तामाङ विवाहमा चार दामको विशष महत्व रहेको हुन्छ । चारदाम बुभ्काउने भनेको भौतिक अर्थमा केटा पक्षले केटी पक्षका मुख्य-मुख्य नातेदारसंग सगुन सहित केही माग गर्नु हो र चारदाम लिएर केटी दिनुको अर्थ केटीलाई पूर्णरुपमा आफ्नो गोत्रबाट केटाको गोत्रमा दान दिनु हो । यो चारदाम लिइसकेपछि केटाले केटीलाई जिवनभर नछाड्ने र केटीले केटालाइ जीवनभर नछाड्ने बाचा गर्नू हो । यो चारदाम बुभ्काउँदा बुभ्काएको कुखुरालाई केटाले हतियार प्रयोग नगरी निमोठेर मार्ने काम गरिन्छ । चारदाम सकेपछि कन्याको पक्षबाट ज्वाई ससुरा ढोगभेट गर्ने र अन्य दुवै तर्फको नातेदार संग भेटघाट ढोगभेट गरीसकेपछि केटीलाई विदा गरिन्छ ।

यता दुलाह पक्षको घरमा वनाइएको मण्डपमा सगुनका वस्तुहरु राखिन्छ र दुवैलाइ ताम्बाले केटा तर्फको आमाबावुलाई बुहारीलाई कुनै हालतमा दुःख नदिने, छोरी जस्तै व्यवहार गर्ने र दुलाह दुलही दुवैले एक अर्काको माया ममता राम्रोहोस् भनेर तीनपटक टाउको ठोकाउने र केटाको जूठो केटीलाई खुवाउने काम गरिन्छ । त्यसपछि केटीलाई साइतको घैंटा बोकाइ भुईमा वत्ती बालेर टेक्दै कुटीमा पुऱ्याइन्छ । भोलिपल्ट भोजभतेरको आयोजना गरिन्छ । यसको तीन दिन पछि दुवैलाई केटीको माइत पठाइन्छ र अर्को दिन सम्धी-सम्धीनी भेटघाट गरिन्छ । यसरी तामाङ समुदायमा विवाह सम्पन्न हुन्छ ।

### ४.१.५.२. प्रेम विवाह :

उमेरपुगेका केटा केटीहरु एक आपसमा माया प्रीती गाँसेर विवाह गर्ने प्रचलनलाई प्रेम विवाह भन्निछ । प्रेम विवाह यस तामाङ समुदायमा प्रचलित पाईन्छ । यदी केटाकेटी दुवै तर्फका आमाबाबुले विवाह गर्ने अनुमति नदिएमा केटाले केटीलाई भगाएर लैजाने प्रचलन छ । यस्तो अवस्थामा केटा तर्फका बाबुआमाले केटीतर्फ पोङको रुपमा रक्सी, काटेको कुखुरा, जिउदो बाखा, स्यालगर(सगुन) को रुपमा लैजाने गर्छन् । केटी पक्षका बाबुआमाले केटा र केटी दुवैलाई टीका टालो गरिदिई विवाह सम्पन्न गरिने चलन छ ।

### ४.१.५.३. चोरी विवाह :

यदि केटालाई केटी कुनै जात्रा पर्वमा कुनै जात्रा पर्वमा देख्दा मन पऱ्यो तर केटाको केटी सँग प्रत्यक्ष सम्पर्क तथा परिचय छैन भने केटाको पक्षबाट फकाउन लगाइन्छ । केटी त्यस केटासँग जान

मानेमा निश्चित दिन र ठाँउ तोकी केटा र केटी दुबै तर्फका साथीहरु एक निश्चित ठाँउमा भेटेर केटीलाई भगाएर केटाले आफनो घरमा लैजान्छ । केटा तर्फका बाबु आमाले केटाकेटी दुबैलाई टीका टाला गरेर घरमा भित्राउछन् । त्यसपछि केटी तर्फको बाबु आमा काहाँ आउनको लागी खवर पठाउँछन् । जसलाई मान्न जाने चलन्छ । मान्न जादा ६०० रोटी र ३ पाथी रक्सी अनिवार्य रुपमा जरिवानाको रुपमा बुझाउनु पर्छ । यदी उक्त सगुनलाई केटीतर्फका आमाबाबुले स्वीकार नगरेको खण्डमा यहि रिस शान्त भएपछि फेरि लाने चलन्छ । यस्तो प्रकारको विवाह अहिले भने विरलै पाईन्छ ।

### ४.१.५.४.विधवा विवाह :

लोग्नेको मृत्यु भएपछि श्रीमतीले परपुरुषसँग स्वइच्छाले विवाह गर्न सक्ने विवाहलाई विधवा विवाह भनिन्छ । यस्तो विवाह तामाङ जातिमा प्रशस्तै पाइन्छ । विधुवा महिलालाई विदुर पुरुषले स्वईच्छाले पुन विवाह गर्न पाउने अधिकार छ । यदि विधुवा महिलाले फेरि विवाह गरेमा भागी विवाहमा जस्तै तीन पटक टाउको ठोकाउने चलन छ ।

### ४.१.५.५.जारी विवाह :

यस प्रकारको जारी विवाह पनि यस तामाङ समुदायमा पाईन्छ । यदि केटाले अरुको श्रीमतीलाई भगाएर आफनो श्रीमती बनाउनुलाई जारी विवह भनिन्छ । केटाले अरुको श्रीमती लगेवापत महिलाको पहिलो श्रीमान्लाई भगाएर वापत क्षतिपूर्ती तिर्ने चलन छ । उक्त क्षतिपूर्ति बुझाएपछि उक्त महिला पहिलो श्रीमान्वाट मुक्त हुन्छ । पहिलो श्रीमान्ले कुनै पनि किसिमको दावी वारिस उक्त महिलालाई गर्न पाईदैन ।

### ४.१.६. मृत्यु संस्कार :

तामाङ समुदायमा आफ्नै किसिमको मृत्यु संस्कार पाइन्छ । यदी कुनै घरमा कुनै व्यक्तिको मृत्यु भएमा गाउँका सवै व्यक्ति उक्त मृतकको घरमा जम्मा भइ लासलाई संस्कारको लागि चाहिने सामानहरु किन्न पठाइन्छ । मृतकलाइ बाँसमा ठाडो पारेर बोकिन्छ । सर्वप्रथम लामालाई लामा विधि पुरा गरेर मृतकका आफन्तहरु बालाईसकेपछि लासलाई ठाडो पारेर सेतो लुगाले बेरेर डाँडामा लगिन्छ । लासको अगाडी १०८ हात लामो सेतो कपडा टाँगेर लामाले बाजा र शंख बजाउँदै लासलाई अगाडी बढाउने काम गर्दछन् ।

बीच बाटोमा मृतकको लासलाई विसाएर सगुन खुवाउने चलन छ । यसरी मृतकलाई सगुन खुवाउँदा मलामीहरु सवैले जाँड र रक्सी खाने चलन पनि छ । मृतककलाइ जलाउँदा लामाले बाजा बजाएर र पुस्तक पढेर विधिद्वारा गर्दछन् ।  लासलाइ जलाइसकेपछि सानो हड्डीको टुक्रालाई ज्वाईले घरमा ल्याएर एउटा खोपामा राख्ने चलन छ । लासलाई जलाईसकेपछि त्यस ठाउँमा माने बनाउने चलन छ । जुन ढुँगाबाट बनाइने गर्दछ । उक्त अस्तुलाई घरका परिवारले जे खान्छन् त्यहि दिने चलन छ । ४९ दिनमा घेवा गर्ने चलन छ । घेवा गर्दा पनि सम्पूर्ण कार्य लामाले गर्दछन् । चामलको पीठोको तोर्मो, रंगी विरंगी ध्वजा र पालामा बत्ती वालेर लामाले विभिन्न थरीका बाजा बजाइ १ देखि ३ रात सम्म लगाएर घेवा गर्ने गर्दछन् । अन्तिम दिनमा मृतकको पुतली बनाई मामा र ज्वाईलाइ नचाइन्छ । उक्त पुतलीमा अस्तु राखिएको हुन्छ र अन्तिम दिनमा उक्त अस्तुलाई मृतकको ज्वाईले लगेर सेलाउने चलन छ ।

घेवा गर्दाको अवधीमा वरपरका आफन्त लगाएत गाउँलेहरुलाई बोलाइन्छ । उक्त गाउँले वा आफन्तहरु जाँदा जाँड रक्सी अनिवार्य लानु पर्दछ र घेवाको अवधी भर त्यहाँ उपस्थित सबै सहभागीहरुले जाँड रक्सी र सितन् खाएर रमाइलो गर्ने चलन पनि छ । यो संस्कार तामाङ समुदायको एक खर्चालु संस्कार हो । निकै खर्च यस कार्यमा लाग्दछ । अन्तिम दिनमा घेवा सकेपछि लामालाई एक मुरी चामल, एक मुरी मकै, भाँडाकुँडा, बजाउने बस्तु दान दिएर लामाको घरसम्म पुऱ्याइदिने चलन छ । घेवा गर्दा राखिएको संदस्यहरुको नाम (उपाधि) यस प्रकार हुने गर्दछ :

लामा लोवेन - प्रधान पुरोहित

गान्वा - वुदो माननीय व्यक्ति

ताम्वा - पुरख्यौली मान्य व्यक्ति

कोङग्योर - पूजाको विधि मिलाउने

उमजे - पूजाको वाजा बनाउने

लाइवा - खानपीनका भण्डारी

करौवे - सबै कामको चाजो मिलाउने

छयाङमा - मधपान सुरादिको भण्डारी

## ४.२. प्रमुख चाडपर्वहरु :

### ४.२.१. ल्होसारपर्व :

तामाङ समुदायको सामाजिक, संस्कृतिक एवं धार्मिक जीवनमा ल्होछार परम्पराको विशिष्ट स्थान र अत्यन्तै महत्वपूर्ण भूकिका रहेको छ । यो परम्परा तामाङ संस्कृतिको अभिन्न अंग हो । यसले तामाङ जातिको उद्‌गम, सभ्यता, संस्कृतिक अस्तित्व र पहिचानलाई प्रतिविम्वित गर्दछ ।

'ल्हो' को अर्थ साल, सम्वत, वर्ष, उमेर, र 'छार' को नयाँ अर्थात् ल्होछारको अर्थ नयाँ वर्ष हो । ल्हो वाह्रवटा हुन्छन् जसलाई "ल्होखोर च्युङी" भनिन्छ । विभिन्न पशुपंक्षीको नामवाट "ल्हो" को नामाकरण गरिएको हुन्छ । तामाङ समुदायले मान्ने ल्होछार प्रत्येक वर्षको माघ शुक्लपक्ष प्रतिपदाको दिनदेखि अर्थात् चन्द्रवर्षको प्रथम चन्द्र महिनाको परेवाको दिन प्रारम्भ हुन्छ । यस ल्होछारलाई सोनाम ल्होछार भनिन्छ । प्राय यो ल्होछार माघ महिनामा पर्दछ । ल्होछार मान्ने परम्पराको सुरुवात कहिले देखि भयो भन्ने सन्दर्भमा यकिन साथ भन्न सकिदैन । तथापी तामाङ समुदायको अनुसन्धानमा निकै लामो समय वितायका परशुराम तामाङङका अनुसार ल्होछार पर्व चीनियाँ सभ्यता सँगै विकास भएको हो । मङगोल चीन सभ्यताको पात्रो अनुसार प्रत्येक १२ वर्षलाई भिन्ना भिन्नै जीव जन्तुको नाम र चिन्ह दिएर गणना गर्ने गरिन्छ ।

ल्होछार पर्वको अवसरमा सम्पूर्ण परिवारका सदस्य एवं नातेदारहरु एकै ठाउामा भेला भई मिठो मसिनो खाने सुख दुःख आदान प्रदान गर्ने गर्दछन् । साथी भाई इष्ट मित्रमा शुभ कामना आदान प्रदान गर्ने गर्दछन् । गुम्बा, चैत्यमा गई टीकाउपासना गरी ल्होछार पर्व हर्षोलासका साथ मनाउने गर्दछन् ।

### ४.२.२. दशैं :

यस भेगका तामाङ समुदायले हिन्दुहरुले जस्तै गरी दशैं पर्व धुमधामका साथ मनाउने गरेका छन् । यस पर्वमा परिवारका सवै सदस्यहरुलाई नयाँ कपडा किन्ने चलन छ । घर भित्र र बाहिर लिपपोत अर्थात् रंग लगाउने, घटस्थापनाको दिन जमरा पूजाआजा गरेर राख्ने चलन छ । बुद्ध धर्म मानेतापनि घटस्थापना देखिनै विभिन्न देवीदेवताका पूजाआजा गर्ने गर्दछन् । अष्टमीको दिन र नवमीको दिन कुखुरा, हाँस, बोका र राँगाको बली चढाइ देवीदेवताको टीकागर्दछन् । दशमीको दिन भने रातो अक्षताको टीका र जमरा आफूभन्दा ठूला व्यक्तिका वा मान्यजनबाट टीका लगाई आशीर्वाद पनि लिने

गर्छन । विषेश गरेर यस पर्व नयाँ लुगा लगाएर चिउरा र मासु खाइ, जमरा र टिका लगाई लिङ्गे पिङ्ग खेलेर मनाउने चलन रहेको छ ।

आफ्नो घरमा टिका टालो गरिसकेपछि टीकाको दिन र त्यसको भोलिपल्ट आफन्तकहाँ टीका लगाउन जाँदा कोसेलीको रुपमा १ बोतल रक्सी र मासु अनिवार्य रुपले लानुपर्ने चलन छ जसलाई सगुन भन्ने गरीन्छ ।

### ४.२.३. तिहार :

तिहार तामाङ समुदायको अर्को ठूलो पर्व हो दशै जस्तै गरी तिहार पनि धुमधामका साथ मनाउँछन् । जम्मा पाँच दिन सम्म उक्त चाड मनाउने  गरेका छन् । तिहारमा पनि दशैंमा झै घर लिपपोत, रंग लगाउने झ्याल ढोकाहरु मा फूलको माला लगाइदिने गरिन्छ । पहिलो  दिन काग तिहार कागलाई खानेकुरा दिई कागको पूजा गरी  मनाउँछन् । दोस्रो दिनको कुकुर तिहारमा कुकुरलाई खानेकुरा दिई कुकुरको पूजा गरी  मनाउँछन । त्यस्तै गरी तेस्रो दिन गाई तिहारको दिन गाईको पूजा गरी बेलुका लक्ष्मीको पूजा गर्ने गर्दछन् । त्यसैबेला केटा-केटीहरु तथा आइमाईहरु भैलो खेली रमाइलो गर्छन् । त्यसको भोलिपल्ट गोरु तिहारमा गोरुको पूजा गरी मनाउँदछन् । उक्त दिन पनि घर लिपपोत गरी घरमा उज्यालो बत्ती बालेर बेलुका केटाहरु  देउसी खेल्दछन् । तिहारको अन्तिम दिन भाइ टीका हो त्यस दिन विहानै देखि दाजुभाइहरु नुहाई धुवाई गरी टीका लगाउन तयार हुन्छन् भने दिदी बहिनीहरु नुहाइधुवाई गरी दाजुभाइलाई टीका लगाइ दिने गर्दछन् ।

टीका लगाइदिनु भन्दा अगाडि दिदी बहिनीले दाजुभाइलाई एकै ठाउमा बोलाई पानीको घेराले वरीपरिबाट घेरेर दाँते ओखरमा पूजा गरेर घरको दैलोमा दिदीले ओखरलाई राक्षसको टाउको सम्झी एकै पटकमा फुटाउँछन् । त्यसपछि दाजुभाइलाई रंगीविरंगीका टीका लगाईदिई मखमली फूलको मालाको साथसाथै मसला पनि दिने चलन छ । त्यसका अलावा दाजुभाइले दिदिवहिनीलाइ नौला लुगाफाटा र गहना दिने चलन छ । सेलरोटी मिठाई, जाँड र रक्सी खाएर तिहार मनाउने चलन यस तामाङ समुदायमा छ ।

### ४.२.४. वुद्ध जयन्ति ( वैशाख पूर्णिमा):

वुद्ध जयन्ती प्रत्येक वर्ष वैशाख पूर्णिमाको दिन गर्दछ । उक्त दिन भगवान गौतम वुद्ध जन्मेको दिन, ज्ञान प्राप्त गरेको दिन र गौतम वुद्धको देहावसान भएको दिन भएको एकै दिन परेकोले यस दिन लाइ विशेष गरी वुद्ध धर्मका अनुयायीहरुले गौतम वुद्धको मूर्तिमा टीकागरेर र वुद्धले प्राप्त गरेको ज्ञानलाइ अनुशरण गरी विशेष पर्वको रुपमा मनाउने चलन छ ।

## ४.३. वोलीचालीमा तामाङ भाषाको स्थिति :

यस जोरपाटी गा. वि. स. को अध्ययन क्षेत्र वडा. न. ७ मा तामाङ समुदायको वसोवास भएको क्षेत्रमा तामाङ बाहेक अन्य जातिहरु जस्तै क्षेत्री, ब्राम्हण, गुरुङ्ग, आदि जातिहरु पनि वसोवास रहेको छ । घरभित्र आफनो जातिभित्र बढी मात्रामा आफनो जातिय भाषा बढी प्रयोग गरेर अन्य जाति सँग वा अन्य काममा भने नेपाली भाषा प्रयोग गर्छन् ।

## अध्याय-पाँच

## जोरपाटीका तामाङ समुदायको आर्थिक अवस्था

कुनैपनि देश वा समाजको प्रमुख मेरुदण्डको रुपमा रहेको अर्थतन्त्र जति सवल र मजवुत हुन्छ त्यतिनै उक्त समाजको विकास, प्रगती र उन्नती पनि हुदै जान्छ । यस अध्ययन क्षेत्र जोरपाटी गा.वि.स. वडा नं. ७ को तामाङ समुदायको अधिकांशको आर्थिक अवस्था कमजोर देखिन्छ । व्यापार, नोकरी, ज्याला मजदुरी वंगुर पालन कृषि, उद्योग सञ्चालन जस्ता काम गरेर आफ्नो जीवन गुजार्दै आएका छन् । यो अध्ययन क्षेत्र लगभग शहरी क्षेत्र भित्रको क्षेत्र भएकोले गर्दा अधिकांश व्यक्तिहरुको खेति गर्ने जमिन छैन र केहीको घडेरीको रुपमा मात्र केहि जग्गा रहेको पाईयो । त्यसैकारणले यस क्षेत्रका व्यक्तिहरु आफ्नो क्षमता, शीप र लगानी अनुसारको विभिन्न पेशामा संलग्न भई आफ्नो दैनिकी चलाउँदै आएका छन् । यस क्षेत्रका तामाङ समुदायको विभिन्न आर्थिक क्रियाकलापको संक्षिप्त विवरण निम्न अनुसार वर्णन गरिएको छ ।

### ५.१. पेशागत अवस्था :

जीविकोपार्जनको लागि विभिन्न आर्थिक कियाकलाप नै पेशा हो । कतिपय जातिको पूर्ख्यौली पेशा हुन्छ भने कतिपयले जे भेट्यो त्यही काम गरी आर्थिक उपार्जन गर्छन । विकसीत राष्ट्रमा नोकरी, सेवा तथा उद्योगतिर जनसंख्याको ठूलो हिस्सा लागिपरेको भएपनि गरिव तथा विकासोन्मुख मुलुकमा पूर्ख्यौली पेशा परम्परागत रुपमा रहेको जनसंख्या बढी भेटिन्छ । पेशा भनेको सामान्य अर्थमा काम हो । आर्थीक पछौटेपने घेरेको हाम्रो जस्तो देशमा बाह्रै महिना काम गरेर पनि छ महिनासम्म खान पुग्ने जनसंख्या पनि अधिक छ । अध्ययनको यस जोरपाटी गा.वि.स.को वडा नं. ७ का तामाङ जातिहरुको मुख्य पेशा भन्ने नै पाइएन । कारण एक अधिकांशको जमिन रोपनीमा नभएर आनामा अथवा एक रोपनी भन्दा कम जग्गा हुने धेरै पाईयो जस्का कारण आ-आफ्नो शीप,योग्यता र क्षमताका आधारमा विभिन्न पेशामा संलग्न भएको पाइयो । अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षणबाट प्राप्त पेशागत तथ्याङ्कलाइ निम्न अनुसार वर्गिकरण गरिएको छ ।

**तालिका १७**

पेशागत आधारमा जनसंख्याको अवस्था

| क.सं. | पेशाको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ६ | २.७८ |
| २ | नोकरी | ११० | ५०.९३ |
| ३ | ब्यापार | ५८ | २६.८५ |
| ४ | वंगुरपालन | ५ | २.३१ |
| ५ | अन्य | ३७ | १७.१३ |
| **जम्मा** | | २१६ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिका तालिकाबाट पेशागत अवस्था अनुसार कृषिमा २.७८ प्रतिशत नोकरीमा ५०.९३ प्रतिशत, ब्यापारमा २६.८५ प्रतिशत, बंगुपालन २.३२ प्रतिशत र यी बाहेकका अन्य पेशामा १७.१३ प्रतिशत रहेको पाईको छ ।

## ५.२. जग्गामा भएको स्वामित्व :

अन्नवाली उब्जनी गर्नको लागि घर बनाउनको जग्गाको आवश्यक पर्दछ , तसर्थ कसैको जग्गाको आवश्यक पर्दछ । तसर्थ कसैको जग्गा कम हुन्छ कसैको जग्गा बढी हुन्छ । प्रत्येक ब्यक्तिको आ-आफ्नो स्वामित्वलाई (०-५), (६-१०), (११-१५) र १६ भनदा माथि गरी ४ वर्गमा वर्गीकरण गरिएको छ । जग्गाको स्वामित्वलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८**

जग्गाको स्वामित्वको आधारमा घरधुरीको स्थिति

| क.स | जग्गा आनामा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० - ५ | ९ | ३६ |
| २ | ६ - १० | ५ | २० |
| ३ | ११ - १५ | ७ | २८ |
| ४ | १६ भन्दा माथि | ४ | १६ |
| जम्मा | | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६९ ।

माथिको तालिका अनुसार (० - ५) आना जग्गा हुने घर संख्या ९ अर्थात् ३६ प्रतिशत (६- १०) आना जग्गा हुने घर संख्या ८ जग्गा २० प्रतिशत (११ - १५) भाग जग्गा हुने घर संख्या ७ अर्थात् २८ प्रतिशत र १६ आना भन्दा माथि हुने घर संख्या ४ अर्थात् १६ प्रतिशत रहेको छ । यसबाट यो थाहा हुन्छ कि उनीहरुको पेशा यो नै भन्ने केही आधार देखिदैन र आ-आफ्नो शीप र क्षमता आधारमा विभित क्षेत्रमा संकलन भएको देखिन्छ ।

### ५.३. खाना पकाउने इन्धन :

प्राचीनकालमा मानिसले काँचै खाना खान्थे  जुनवेला आगोको प्रयोग खाना पकाउनका लागि हुने गरेको थिएन । तर जव आगोको आविस्कार भैसकेपछि भने सवैले खाना पकाएर खान थाले । अहिले आधुनिक युगमा खाना पकाउने विभिन्न स्रोतहरु छन ।  जस्तो  ग्याँस दाउरा मट्टितेल विजुली आदि । यस अध्ययन क्षेत्रमा गरिएको स्थलगत अध्ययन अनुसार खाना पकाउने इन्धन सम्बन्धि तथ्याङ्क हेर्दा प्राय सवैले ग्याँस र मट्टितेलको नै प्रयोग गरेको पाइन्छ । प्राप्त सो तथ्याङ्कलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९**

घरधुरीहरुको खाना पकाउने इन्धनको अवस्था

| क.स | इन्धन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मट्टितेल | ११ | ४४ |
| २ | ग्याँस | १४ | ५६ |
| जम्मा | | २५ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०६९ ।

माथि उल्लेखित तालिकाबाट प्राप्त खाना पकाउने इन्धनको अवस्था अनुसार मट्टितेल प्रयोग गर्ने घरपरिवारको संख्या ११ अथवा ४४ प्रतिशत र ग्याँस प्रयोग गर्ने घरको संख्या १४ अथवा ५६ प्रतिशत रहेको छ ।

## ५.४. वार्षिक आम्दानी :

यस जोरपाटी गा.वि.स.मा तामाङ समुदायको प्रमुख आय स्रोतहरुमा कृषि, पशुपालन, ज्याला मजदुरी, ब्यापार, घरवाहाल, पूजा पाठ, नोकरी, उद्योग, बुद्धभत्ता, आदि, रहेको पाइयो । स्थलगत सर्वेक्षणमा उत्तरदाताको उत्तरका आधारमा उनीहरुको वार्षिक आम्दानी निम्न अनुसार पाइयो जसलाई तालिका द्धारा वर्गीकरण गरी तल देखाइएको छ ।

## तालिका २०

घरधुरीको आधारमा  वार्षिक आम्दानी विवरण

| क्र.स. | वार्षिक आम्दानी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. ५०,००० सम्म | ३ | १२ |
| २ | रु. रु ५०,०००- रु ७५००० | ४ | १६ |
| ३ | रु ७५,००० - १००००० सम्म | ४ | १६ |
| ४ | १००००० - १,२५,००० सम्म | ५ | २० |
| ५ | १,२५,००० - १,५०,००० सम्म | ४ | १६ |
| ६ | १,५०,००० - १,७५००० सम्म | २ | ८ |
| ७ | १,७५,००० - भन्दा माथि | ३ | १२ |
| जम्मा | | २५ | १००. |

स्रोत : स्थलगत सर्वेक्षण २०६९ ।

माथिको तालिका अनुसार रु ५०, ००० सम्म आम्दानी हुने ३ घरपरिवार अर्थात् १२ प्रतिशत रु ५०,००० देखि ७५,००० सम्म आम्दानी हुने ४ घरपरिवार अर्थात् १६ प्रतिशत, रु ७५,००० देखि १,००००० सम्म हुने ४ घरपरिवार अर्थात् १६ प्रतिशत, रु १,०००० देखि रु १,२५, ००० सम्म आम्दानी हुने ५ घर परिवार अर्थात् २० प्रतिशत रु १२५,००० देखि रु १,५०,०० ० सम्म आम्दानी हुने ४ घरपरिवार अर्थात् १६ प्रतिशत रु १,५०००० देखि रु १,७५,००० सम्म आम्दानी हुने २ घरपरिवार अर्थात् ८ प्रतिशत र रु १,७५,००० भन्दा माथि आम्दानी हुने ३ घरपरिवार अर्थात् १२ प्रतिशत रहेको पाइयो । स्थलगत सर्वेक्षणका आधारमा रु १,५०,००० देखि १,७५,००० सम्म वार्षिक आम्दानी हुने घर परिवारको संख्या अधिक रहेको पाईयो ।

## ५.५. वार्षिक खर्च :

यस अध्ययन क्षेत्रमा तामाङ समुदायले खाना, कपडा, शिक्षा, स्वास्थ्य, घरमर्मत तथा सुधार, मालपोत, सामाजिक कृयाकलाप, लगायतका अन्य विविध शीर्षक अन्तर्गत खर्च गर्ने गरेको पाइयो । स्थलगत सर्वेक्षणको आधारमा उनीहरुको बार्षिक खर्चलाइ निम्न अनुसार तालिकिकरण गरिएको छ ।

**तालिका २१**

घरधुरीको आधारमा  बार्षिक खर्चको विवरण

| क.सं. | खर्चको विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ४०००० सम्म | ३ | १२ |
| २ | रु ४०००० देखि ६०,००० सम्म | ४ | १६ |
| ३ | रु ६०,००० देखि १,००,००० सम्म | ५ | २० |
| ४ | रु १,००,००० देखि १,३०,००० सम्म | ५ | २० |
| ५ | रु १,३०,००० देखि १,६०,००० सम्म | ७ | २८ |
| ६ | रु १,६०,००० भन्दा माथि | १ | ४ |
| | जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकाअनुसार रु ४०,००० सम्म वार्षिक खर्च हुने परिवार संख्या ३ अर्थात् १२ प्रतिशत, रु ४०,००० देखि रु ७०,००० सम्म वार्षिक खर्च हुने घरपरिवार संख्या ४ अर्थात् १६ प्रतिशत, रु ७०,००० देखि १,००,००० सम्म वार्षिक खर्च हुने घरपरिवार संख्या ५ अर्थात् २० प्रतिशत, रु १,००,००० देखि १,३०,००० सम्म बार्षिक खर्चहुने घरपरिवार संख्या ५ अर्थात् २० प्रतिशत, रु १,३०,००० देखि १,६०,००० सम्म वार्षिक खर्च हुने घरपरिवार संख्या ७ अर्थात् २८ प्रतिशत र रु १,६०,००० भन्दा बढी बार्षिक खर्च हुने घरपरिवार संख्या १ अर्थात् ४ प्रतिशत रहेको पाईयो । केहि

गरि खर्च अपुग भएमा उनीहरुले बैक, सहकारी संस्था, आफन्तजन तथा साहु महाजनहरुबाट पनि आफ्नो गर्जो टार्ने गरेको देखिन्छ ।

## ५.६. घरको किसिम :

घर मानिसको आधारभूत आवश्यकता हो यसले मानिसलाई हावा, हुरी, बतास, घाम, पानीबाट बचाउँछ र सुत्न र आराम सँग बस्नको लागि मानिसलाई घर चाहिन्छ । त्यसैले मानिसले घर जीवनमा एकपटक मात्र बनाउछन् । घर बनाउदा पक्की घरबनाउनु पर्दछ । कच्ची घर पछि सम्म टिक्न सक्दैन ।

यस क्षेत्रको अध्ययनको सर्वेक्षेण अनुसार पक्की घर र कच्ची घर गरी वर्गीकरण गरिएको छ । जस अर्न्गात सिमेन्ट, बालुवा र फलामको रड र ईट्टा प्रयोग गरिबनाएको लाई पक्की र ईट्टा र माटो प्रयोग गरी बनाएकोलाई कच्ची घर भनी छुट्याइएको छ । अध्ययन क्षेत्रको प्राप्त तथ्याङ्कलाइ निम्न अनुसार वर्गीकरण गरिएको छ ।

**तालिका २२**

बनौटको आधारमा घरको किसिम

| क. सं | घरको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की घर | २२ | ८८ |
| २ | कच्ची घर | ३ | १२ |
| जम्मा | | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिका तालिका अनुसार अध्ययन गरिएका घरपरिवारमा पक्की घर संख्या २२ अथवा ८८ प्रतिशत र कच्ची घर संख्या ३ अथवा १२ प्रतिशत हरेको छ । यस अध्ययनले देखाए अनुसार यस क्षेत्रमा तामाङ जातिहरुको घरको स्थितिमा भने राम्रो देखिन्छ ।

## अध्याय-छ

## जोरपाटीका तामाङ समुदायमा देखिएको सामाजिक सांस्कृतिक परिर्वतन

यस जोरपाटी गा. वि. स. वडा न. ७ स्थित अध्ययनको क्रममा उत्तरदाताहरुको गरिएका प्रत्यक्ष अर्न्तवार्तावाट प्राप्त तथ्याङ्कको आधारमा तामाङ समङ्दाय जातिको आर्थिक तथा सामाजिक अवस्थामा आएको परिर्वतन यहाँ प्रस्तुत गरिएको छ ।

सामाजिक परिवर्तन एउटा सर्वव्यापी र अनिवार्य नियम हो । जसरी भौतिक शरीरमा समयको परीवर्तन को साथ- साथै क्रमिक रुपमा परिवर्तन हुदै जान्छ । यसैगरी सामााजिक परिवर्तनमा पनि क्रमिक रुपमा परिवर्तन हुदै जान्छ । मानिस स्वभावैले सामाजिक परिवर्तनशील प्राणी हो । ऊ हरेक पलपलमा परिवर्तन चाहन्छ । यो एउटा मानविय चरित्र पनि हो । सामाजिक परिवर्तनलाई प्रभाव पार्ने केही कारक तत्वहरु पनि छन् । भौगोलिक, जैविक, आर्थिक, सांस्कृतिक, वातावरणीयतत्व, प्रकृतिक, मनोवैज्ञानिक र सामाजिक आन्दोलन तथा विचारधाराले ठूलो भूमिका खेलेको हुन्छ । कुनै पनि समुदायको प्राचीन काल देखि चलिआएको परम्परा, संस्कार, भेषभुषा,वोलिचालि, भाषा, संस्कृतिहरु आदिको परिवर्तन भईरहेको हुन्छ । हरेक वस्तुको परिवर्तन हुनु परमसत्य हो भने परिवर्तनको नाममा परम्परागत रुपमा चलिआएको मौलिकपनलाई चटक्कै बिर्सनु व्यत्ति जायज हुदैन् । उक्त मौलिक सम्पदा वा सांस्कृतिक संरक्षण गर्नु र त्यसलाई भविष्यमा आउने नयाँ सन्ततीको लागि जोगाएर राख्नु बढी बुद्धीमानी हुन आउछ । त्यसैले हरेक जातिमा आएको सामाजिक, सांस्कृतिक र आर्थिक परिवर्तनलाई वैज्ञानिक रुपमा खोजी गर्नु अति जरुरी देखिन्छ । त्यसैले तामाङ जातिमा पनि सामाजिक, तथा आर्थिक, सामाजिक तथा सांकृतिक जीवनमा परिवर्तन आएको छ ।

### ६.१. जन्म संस्कारमा आएको परिर्वतन :

यस तामाङ समुदायको जन्म संस्कारमा पनि परिवर्तन आएको छ । जस्तो पहिलो बच्चा जन्मदा वा सुत्केरी हुदा गोठमा वा घरको अध्यारो कुनामा गराइन्थ्यो । बच्चा जन्मेपछि बच्चाको नालकाटदा हसिया तथा अन्य घातक हतियारले काट्ने गरिन्थ्यो जसले गर्दा बच्चा विभिन्न रोगबाट पिडित हुन पुग्थे । पौष्टिक खाने कुरा खुवाउनु पर्नेमा दिईदैनथ्यो तर अहिले भत्रे यस्ता कुरामा स्वास्थ्य, शिक्षा, र चेतनाको कारणले क्रमिक रुपमा परिवर्तन आएको छ । बच्चा जन्माउनको लागि अस्पताल लैजाने वा

सुडेनी र स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने गरिन्छ । जसले गर्दा आमा र बच्चा दुबैको स्वास्थ्य खतरा मुक्त हुन्छ ।

**६.२ नामाकरण संस्कारमा आएको परिवर्तन :**

यस तामाङ समुदायमा बच्चा जन्मदाको वारलाई आधारमानेर लामाले आफनो विधिबाट बच्चाको नामाकरण गर्ने परम्परागत संस्कारमा परिवर्तन अएको छ । परम्परागत संस्कारबाट अहिले आधुनिक युगमा परिवर्तन हुदा बच्चाको नामाकरण आधुनिक तरिकाले राख्ने गरेको पाइएको छ । यो एउटा बच्चाको नामाकरण संस्कारमा तामाङ समुदायमा आएको परिवर्तन हो । उक्त वस्तीमा अवर्सथित तामाङ जातिमा चेतना, शिक्षा, अन्य जाति जस्तै ब्राहमण, क्षेत्रीको प्रभाव हिन्दी फिल्म र अङग्रेजी फिल्ममा प्रयोग हुने पात्रहरुको नामको प्रभाव, आधुनिकरण र शहरीकरणको प्रभावको कारणले गर्दा नामाकरण संस्कारमा परिवर्तन आएको हो ।

**६.३ छेवर संस्कारमा आएको परिवर्तन :**

छेवर संस्कार तामाङ समुदायको प्रमुख संस्कार मध्येको एक हो । छेवर नगरिकन कुनै पनि व्यत्ति वा षुरुष विवाहको लागि वा अन्य कुनै पनि सामाजिक संस्कारको लागि योग्य हुदैन् । त्यसैले परम्परागत संस्कार अर्न्तगत छेवर गर्दा मामालाई बन्दुक पडकाएर स्वागत गर्ने, प्रत्यक चेलिवेटिले सगुनको नाममा जिउँदो सुँगर,खसी,बोका नै लिएर आउनुपर्ने संस्कारको कमिक रुपमा परिवर्तन हुदै आएको छ यो परिवर्तन हुनुको कारणमा प्रमुख रुपमा शिक्षा नै हो भन्ने वन्दुक पडकाउने संस्कार हाल आएर सुरक्षाका दृष्टिकोणले हराउदै गएको छ भने अहिलेको समयमा जिउँदो सुँगर,खसी,बोका ल्याउन सम्भव नभएको कारण यसमा परिवर्तन आएको हो ।

यहाँका तामाङ समुदायमा आजका दिनहरुमा पहिलेको जस्तो मामाले कपाल काट्नु भन्दा पहिले कहिल्यै कपालमा छुरा नलगाउने चलन हट्दै गएको छ । अव त छेवर अगाडि नै नाऊ कहाँ गएर सैलुनमा गएर कपाल काट्ने गरिन्छ । आजकल मामाले छेवरमा आउँदा ठूलो खर्च गरी, जग्गा जमीन बेचेर वा बन्दकी राखेर भएपनि प्रसस्त मात्रामा दान दक्षिण दिने चलन हटी विस्तारै विस्तारै सुधार आई आफ्नो गच्छे र ईच्छा वमोजिम दान दक्षिण दिने र सानो तिनो रुपमा कार्यक्रम सिध्याउँने प्रचलनको विकास भएको छ । यस्तो सांस्कृतिक परिर्वतन मध्ये खर्चमा गरिएको सुधारलाई भने सकारात्मक रुपमा नै लिनु पर्छ ।

## ६.४. विवाह संस्कारमा आएको परिवर्तन :

तामाङ समुदायमा अन्तर जातिय विवाह पूर्ण रुपमा निशेष थियो । तर अहिले वर्तमान अवस्थामा भने उक्त प्रथामा परिवर्तन आएको छ । प्राय पढेलेखेका व्यक्तिहरुले अन्तर जातिय विवाह गर्नेगरिएको पाइन्छ । त्यस्तै गरी यस जातिमा विद्द्मान मामा चेला फुपुचेली बीच चल्दै आएको विवाह प्राय विस्तारै समाजमा वाहिरी समुदाय सँगको सम्पर्क र बिश्व भूमण्डलीकरणको प्रभावले गर्दा र सूचना क्षेत्रमा भएको अत्याधिक विकासले गर्दा बिश्व एउटै गाउँ जस्तो भएकोल यसमा कमी आएको छ । त्यस्तै गरी परम्परागत विवाह देखि हुदै आएको विवाहमा हुने फजुल खर्चलाई कटौती गर्दै आजभोलि छोटो मिठो अर्थात् थोरै खर्च र समयमा यो विवाह सम्पन्न गर्ने गरेको पाइन्छ ।

## ६.५. लवाई खवाईमा देखापरेको परिवर्तन :

समयको परिवर्तन सँगै लवाई खुवाई पनि यस जातमा परिवर्तन देखा परेको छ । आजकलका युवायुवतीहरुको समाजमा वाहिरी समुदाय सँगको सम्पर्कले गर्दा र देखीसिकीले गर्दा उनीहरुले लगाउने लुगामा परिवर्तन आएको छ । पूराना पोशाक उनीहरुले पूर्ण रुपमा त्यागी नयाँ तथा आधुनिक किसिमका कपडा जस्तो जिन्स प्याइन्ट, टि-सर्ट, कोट, साडी, ब्लाउज, आदि लगाउछन् । तर आधुनिकताको नाममा जातिय पोशाकको संरक्षण र सम्वर्द्धन हुनु हुदैन र लोप हुनुपर्छ भन्ने मान्यता चाँही अवश्य होइन । तर समय र परिस्थिति अनुसार आफुलाई सवै जातले परिस्कृत र परिमार्जन चाँही अवश्य पनि गर्नुपर्छ । पोङ्मा रक्सी लिएर सगुन लग्ने, टपरीमा भोज–भत्तेर खाने र वारीको पाटामा वसेर भोज खाने,हातले खाने चलनमा परिर्वतन आई बिकासको उपलब्धिले गर्दा शीशा,स्टिलको गिलासमा रक्सी पिउने ,स्टिलको प्लेट, थाल, कचौरामा भोज भत्तेर खाने र हातको सट्टामा चम्चा,काँटाले चाले प्रचलन बढेकोले मौलिकतामा प्रविधि र विज्ञानले प्रभाव पारी परिर्वतन गर्न सघाएको छ । यधपि औपचारि समारोह वा चार्ड जस्तो लोछारमा भने परम्परागत पोशाक पनि लगाउने चलनले भने स्थान पाउन थालेको छ ।

## ६.६. चाडपर्वमा देखापरेको परिवर्तन :

तामाङ समुदायमा हिन्दु धर्मको प्रभाव बढीमात्रमा परेको हुनाले दशैं, तिहार, माघेसक्रान्ति, साउने सक्रान्ति जस्ता चाडपर्वहरु धुमधामसँग मनाउछन् । समय परिस्थितिमा र ठाँउ अनुसार चाडपर्वहरुमा पनि कमिक रुपमा परिवर्तन हुदै आएको छ। शुरुका दिनहरुमा हिन्दु धर्मावम्बीहरुको

संगतले गर्दा दशैंमा रातो टीका लगाउने गरेकोमा वि.सं.२०४६ सालको प्रजातन्त्रको पूर्नर आगमन पछि आएका केही स्वतन्त्रताको अनुभुतिले गर्दा र बिद्धानहरुले आफ्नो वास्तविक परम्परालाई अँगाल्न गरको जनचेतनाल्मक कार्यक्रम तथा अभियानले गर्दा आफूहरु मौलिक रुपमा बौद्धमार्गी र अहिंसाको पूजारी भएको बुझी यहाँका तामाङ समुदायहरुले दशैंमा रातो टीकाको सट्टामा सेतो टीका लगाई आफ्नै मौलिकता दिए । यसलाई हिन्दु धर्मलाई पनि समान आदर गरी आफ्नो मौलिक धर्म र दर्शनलाई समेत सँगै लान सकेको यो उदाहरण साच्चै नै प्रसंशनीय छ । तर पनि पढेलेखेका युवायुवतीहरु जो शहरमा वस्छन् अर्थात् संचार माध्यमको सुविधा प्रयोग गर्न पाएका छन् । उनीहरुले नयाँ वर्ष, क्रिसमस, भ्यालेनटाइन् र जन्मदिन पनि मनाउन थालेका छन् । तसर्थ यसवाट के देखिन्छ भने यस जातिमा चाडपर्व मनाउने तरिकामा परिवर्तन आएको छ । लोछार जस्तो चाडपर्व मनाउनु पर्ने र आफ्नो परम्परा जोगाई जातिय बिशेषतालाई जोगाउनु पर्ने जनचेतनामा आउको परिवर्तनले गर्दा भने परम्परागत पोशाक पनि लगाउने चलनले भने स्थान पाउन थालेको छ भने लोछार मनाउने प्रचलन पनि प्रशय पाउन थालेको छ ।

## ६.७. आर्थिक पक्षमा आएको परिवर्तन :

यस क्षेत्रका तामाङ समुदायको मुख्य आम्दानी को स्रोत भनेको जागीर, वैदेशिक रोजगार,विभिन्न निजि संघसंस्थामा र उधोग, कल कारखानामा आ-आफनो क्षमता र शीप अनुसारको रोजगार नै हो भने केहीको घरभाडा, केहीको सुंगुर पालन, केहीको उधोगधन्दा सञ्चालन, केहीको सानो तिनो व्यापार व्यवसाय, केहीको खेती जुन एकदमै नगन्य रुपमा रहेको छ । यसरी हेर्दा अन्य क्षेत्रको स्तरमा अलि तामाङङहरु भन्दा फरक पाइयो । किनभने प्राय प्रत्येक परिवारका व्यत्तिहरुको रोजगारमा संलग्न देखिन्छ । यसरी हेर्दा यस क्षेत्रमा तामाङ समुदायको आर्थिक क्षेत्रमा परिवर्तन आएको देखिन्छ ।

## ६.८. मनोवैज्ञानिक पक्षमा आएको परिवर्तन :

मनोवैज्ञानिक पक्षमा आएको परिवर्तनले समाजमा ठूलो प्रभाव पारेको हुन्छ । मनोवैज्ञानिक पक्षलाई प्रभाव पार्ने कारकतत्वहरु मध्ये प्रविधि पनि एक हो । आधुनिक तथा नयाँ प्रविधिको विकासले मानिसको रहन सहन भेषभुषा, बोलीचाली, रोजगारी, पारिवारिक जीवनशैली, पूँजीवादको विकास आदि कुराहरुमा परिवर्तन ल्याएको हो । जस्तो संयुक्त परिवारलाई अहिलेको नयाँ पिंढीले रुचाएका हुँदैनन् ।

त्यसले गर्दा एकात्मक परिवार प्रति बढी आकर्षित भएका  छन् । यसरी परिवारमा परिवर्तन ल्याउनुमा मनोवैज्ञानिक पक्षको भूमिका रहेको हुन्छ ।

### ६.९. शिक्षा क्षेत्रमा देखापरेको परिवर्तन :

यस अध्ययन क्षेत्रमा तामाङ समुदायको शिक्षा क्षेत्रमा सुधार हुँदै आएको छ उमेर समूहको हिसावमा तीन भागमा विभाजन गरेर हेर्दा ४० वर्षभन्दा माथिको उमेर समुहमा सामान्य शिक्षा वा साक्षरमात्र पाइयो भने २०-४० वर्ष भन्दा माथिको उमेर समुहमा केही ९/१० पुरा नगरी छोडेका केही प्रविणता प्रमाण पत्रतह पुरा गरेका र केहीले उच्च शिक्षा समेत प्राप्त गरेको पाइयो भने अहिलेको २० वर्ष भन्दा तलको उमेर समुहमा भने शत प्रतिशत वाल वच्चाहरु स्कुल जान थालेको पाईएको छ । यसरी हेर्दा शिक्षामा आएको चेतनाको कारणले गर्दा पहिलेको र अहिलेको शिक्षा क्षेत्रमा ठूलो परिवर्तन आएको छ ।

### ६.१०. जनजातिको जा तीय भावनामा आएको परिवर्तन :

नेपाल जनजाति समुहमा पर्ने विभिन्न समुदाय मध्ये एक समुदायको रुपमा तामाङ समुदाय रहेको छ । यो जातिमा पनि हामी एक जनजाति हौ भन्ने भावनाको विकास भएको छ । यस जातिको आफ्नै जातिय संगठन नेपाल तामाङ घेदुङ रहको छ । यस संगठनले तामाङ समुदायको उत्थानको लागि ठूलो सहयोग रहेको छ ।

### ६.११. बाजा गाजामा आएको परिवर्तन :

तामाङ समुदायको प्रमुख बाजाको रुपमा डम्फुलाई लिइन्छ । यसको आवाजलाई सरास्वतीको आवाज भनिन्छ । डम्फु, विहे, छेवर, जात्रा जस्ता शुभकार्यमा बजाइन्छ भने अर्को बाजा ढ्याङ्ग्रो देवीदेवताको पूजागर्दा, झारफुक गर्दा, दाहसंस्कार गर्दा बजाईन्छ । तर अहिलेको आधुनिक समाजमा भने यी प्राचिन बाजागाजा भने लोप हुने अवस्थामा छन् । विवाह, छेवर, जात्रामा मादल, झयाली जस्ता बाजाहरु बजाउनछन् । यस जातिको बाजामा पनि विस्तारै परिवर्तन हुँदै आएको छ । कतिपय अवसरहरुमा भने मौलिक तथा परम्परगत वाजाको स्थान आधुनिक बैण्ड वाजाले लिन थालिएको छ ।

## ६.१२. नाता सम्बन्धमा आएको परिवर्तन :

तामाङ समुदायको नाता सम्बन्धलाई तीनभागमा विभाजन गरेको पाइन्छ । रगतको नाता, विवाहको नाता र मितेर नाता यी तीन नातेदारहरुलाई विवाह, मृत्यु संस्कार, जन्म संस्कार र छेवरमा विशेष सम्मानको साथ निमन्त्रणा गरिन्छ । त्यस मध्यमा पनि मित्र नातालाई बढी सम्मान गरिन्छ । तर अचेल मित्र लगाउने चलनमा कमी आएको छ । जुन परम्परागत प्रथा हो । नाता सम्बन्धमा शिक्षा, चेतना र आधुनिकताले गर्दा तामाङ समुदायको विस्तारै परिवर्तन तथा सुधार हुँदै आएको छ ।

## ६.१३. धर्ममा आएको परिवर्तन :

तामाङ समुदायको मौलिक धर्म बौद्ध भएपनि आजकल कतिपय ब्यक्तिहरु भने अन्य धर्म जस्तो क्रिश्चियन धर्म अवलम्वन गर्दा पालन गर्नुपर्ने सजिलो र लचक आचरण,सजिलो धार्मिक अनुष्ठान तथा संस्कारहरुले  गर्दा र बिदेशीहरुको सँगतले गर्दा मौलिक बौद्ध धर्म परिर्वतन गरी क्रिश्चियन धर्म वा यस्तै प्रकारका अन्य धर्म अपनाउने क्रमले प्रशय पाउन थालेको छ ।  । यसलाई धर्ममा आएको परिर्वतन मान्न थालिएको छ ।

## ६.१४. गुन्यो–चोलो दिने प्रथामा आएको परिवर्तन :

तामाङ समुदायको मौलिक परम्परा र संस्कारहरु मध्येको एक महत्वपूर्ण संस्कारको रुपमा चिनिने गुन्यो–चोलो दिने प्रथामा छोरीलाई किशोरावस्था नजकि पुग्दा गुन्यो–चोलो दिने प्रचलन मौलिक संस्कृति भएपनि आजकलका युवायुवतीहरुको समाजमा वाहिरी समुदाय सँगको सम्पर्कले गर्दा र देखीसिकीले गर्दा उनीहरुले लगाउने लुगामा परिवर्तन आएको छ । पूराना पोशाक उनीहरुले पूर्ण रुपमा त्यागी नयाँ तथा आधुनिक किसिमका कपडा जस्तो जिन्स प्याइन्ट, टि-सर्ट, कोट, साडी, ब्लाउज, आदि लगाउछन् । तर आधुनिकताको नाममा जातिय पोशाकको संरक्षण र सम्वर्द्धन हुनु हुदैन र लोप हुनुपर्छ भन्ने मान्यता चाँही अवश्य होइन । औपचारिक समारोह वा चार्ड जस्तो लोछारमा मात्र  परम्परागत पोशाक लगाउने चलनले गर्दा अव यो गुन्यो–चोलो दिने प्रथामा लगभग हराउन थालेको छ । । यसलाई संस्कारमा आएको ठूलो परिर्वतनको रुपमा मान्न थालिएको छ ।

### ६.१५. मृत्यू संस्कारमा आएको परिवर्तन :

तामाङ समुदायको आफ्नै मौलिक मृत्यू संस्कार रहेकोमा आल आएर यसमा पनि क्रमिक रुपमा परिवर्तन आउन थालेको कुरा प्रष्ट रुपमा देख्न सकिन्छ । पहिले जस्तो वाँसको खटमा पद्मासनमा बुद्ध बसे जस्तै गरी वसालेर चिहानमा लग्ने नगरी अरु जातिकै जस्तो गरी खटमा उत्ताने पारी सुताएर लग्ने र अधिकाशं लाश शव वाहनमा राखेर लग्ने तथा र जुठो वार्ने कार्यमा पनि त्यति ध्यान नदिने वा लचकता अपनाउने क्रमको शुरुवात् हुन थालेको छ । यसमा अझ धर्म परिर्वतनको कारणले त मृत्यु संस्कारमा समेत स्वत प्रभाव पारी परिर्वतनको संवाहक बनेको छ ।

# अध्याय-सात

## सारांश, निष्कर्ष तथा सुझावहरु

### ७.१ सारांश :

अध्ययन क्षेत्र काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं ७ स्थित तामाङ बस्तीमा केन्द्रित छ । पहिलादेखिनै स्थायी रुपमा बसोबास गर्दै आएका नेपालका प्रमुख जातिहरु मध्ये एक प्रमुख जाति तामाङ जाति रहेको छ । यो जाति नेपालमा पूर्व मेची देखि पश्चिम महाकाली सम्म फैलिएको भएतापनि विशेष गरी काठमाडौं, भक्तपुर, ललितपुर काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ्ग, रसुवा, नुवाकोट, सिन्धुली, रामेछाप र मकवानपुरको उच्च पहाडी भागमा बसोबास गर्दै आएका बढी मात्रमा पाइन्छ । यस अध्ययनमा " **काठमाडौ जिल्ला, जोरपाटी गा.वि.स.का तामाङ समुदायको सामाजिक एवं सांस्कृतिक अध्ययन**" शीर्षक अन्तर्गत तामाङ बस्तीको अध्ययन गरिएको छ । विकासको प्रतिस्पर्धामा अगाडि जान नसकेको तामाङ जातिलाई विकासकको मूल प्रवाहमा ल्याउन तथा यसका लागि उनीहरुको सामाजिक रीतिरिवाज, चालचलन, संस्कार तथा आर्थिक र अन्य सांस्कृतिक पक्षको बारेमा अध्ययन गर्नुपर्ने आजको आवश्यकता टड्कारो छ ।

यस अध्ययनमा पूर्व प्रकाशित कृतिहरु, लेखहरु, पुस्तक प्रतिवेदनहरुको समेत उल्लेख गरिएको छ ।

यस अध्ययनको अनुसन्धान ढाँचामा अन्वेषणत्मक तथा वर्णात्मक दुवै विधिहरु प्रयोग गरिएको छ । यो गा.वि.स.उपत्यकाको नजिकको अनि शहर उन्मुख गा.वि.स.भएको र अध्ययन क्षेत्रका तामाङ जातिको अध्ययन तथा जानकारी लिन अनुसन्धानकर्ता बढी इच्छुक भएकोले त्यस स्थानलाई छानिएकौ हो । यस स्थानमा २५ घर परिवार तामाङ रहेका छन् । र यी सबै घरलाई अध्ययनको लागि समावेश गरिएको छ । तथ्याङ्कको प्रकृतिमा संख्यात्मक र ब्याख्यात्मक दुवै प्रकारका छन् ।

यस शोधका लागि तथ्याङ्कहरुलाई क्रमवद्ध ढंगले वैज्ञानिक विश्लेषणका साथ प्रतिवेदन तयार पारिन्छ । अध्ययनबाट प्राप्त तथ्यलाई व्यवस्थित रुपले विभिन्न अध्यायहरुमा विभाजन नगर्ने हो भने शोधको कुनै महत्व हुदैन । यस शोध ग्रन्थमा तामाङ जाति सम्बन्धी प्राप्त तथ्यहरुलाई निम्न बमोजिमका अध्यायमा विभाजन गरी क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ ।

१. अध्याय-एक : परिचय ।

२. अध्याय-दुई : अध्ययन क्षेत्रको परिचय ।

३. अध्याय-तीन : जोरपाटीका तामाङ समुदायको सामाजिक अवस्था ।

४. अध्याय-चार : जोरपाटीका तामाङ समुदायको सांस्कृतिक अवस्था ।

५. अध्याय-पाँच : जोरपाटीका तामाङ समुदायको आर्थिक अवस्था ।

६. अध्याय-छ : जोरपाटीका तामाङ समुदायमा देखिएको सामाजिक सांस्कृतिक परिवर्तन ।

७. अध्याय-सात : सारांश, निष्कर्ष र सुझाव ।

यस शोधपत्रमा सात वटा अध्यायहरु रहेका छन् । पहिलो अध्यायमा अध्ययनको परिचय राखिएको छ । यस भित्र अध्ययनको परिचय समस्या कथन, उद्देश्य, पूर्व साहित्यको समीक्षा, अनुसन्धान पद्धती आदिलाई राखिएको छ । दोस्रो अध्यायमा अध्ययन क्षेत्र काठमाडौ जिल्ला जोरपाटी गा.वि.सको सामान्य परिचय समावेश गरिएको छ । तेस्रो अध्यायमा तामाङ समुदायको सामाजिक अवस्था अर्न्तगत अध्ययन क्षेत्रको जनसंख्या, लिङ्ग, उमेर, शिक्षा विवाह, परिवारको आधारमा जनसंख्या, परिवार नियोजन, सम्बन्धित जानाकारी एवं स्थिति, घरको किसिम, चर्पीको अवस्था, उपचार पद्धति तथा अन्य जातिहरु सँगको अवस्था रहेको छ । चौथो अध्यायमा जोरपाटी गा.वि.सको तामाङ समुदायको साँस्कृतिक अवस्था अर्न्तगत संस्कारहरु प्रमुख चाडपर्वहरु, विवाह, तथा यसका प्रकार, भाषा, मुख्य समस्या, समाधाका उपाय एवं शान्ति सुरक्षाको अवस्था अर्न्तगत उत्तरदाताको पेशागत अवस्था जग्गाको स्वामित्व, खाना पकाउने इन्धन तथा खर्चको बाँडफाँड बारे उल्लेख गरिएको छ । पाचौं अध्यायमा उनीहरुकों आर्थिक अवस्था अन्तर्गत उत्तरदाताको पेशागत अवस्था, भू-स्वामित्व, खाना पकाउने इन्धन, घरको किसिम, चर्पीको अवस्था, बार्षिक आम्दानी र बार्षिक खर्चको विवरण रहेको छ । समावेश गरिएको छ । छैटौं अध्ययमा जोरपाटी गा.वि.सको तामाङ समुदायमा देखिएको सामाजिक साँस्कृतिक परिवर्तन वारे उल्लेख गरिएको छ । सातौ अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझाव समावेश गरिएको छ ।

तथ्याङ्क संकलन विधिमा अवलोकन मुख्य ब्यक्तिसँगको अन्तवार्ता र संरचनात्मक अन्तवार्ता रहेको छ। प्राप्त तथ्याङ्गलाई तालिकामा संख्यात्मक प्रतिशतमा प्रस्तुत गरिएकोछ। यसका साथै प्रत्येक तालिकाको तथ्याङ्कको विस्तृत ब्याख्या,विश्लेषण गरी बुझ्न सजिलो हुने अपेक्षा गरिएको छ।

## ७.२. निष्कर्ष :

तामाङ समुदायको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षको अध्ययन र विश्लेषण गर्दा यस अध्ययनको अन्तमा निम्न निष्कर्षमा पुग्न सकिन्छ।

अध्ययन क्षेत्र काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं ७ मा गरिएको तथ्याङ्क संकलनवाट प्राप्त जानकारी बमोजिम त्यस क्षेत्रमा शैक्षिक स्थितिलाई हेर्दा यस जाति अझै शिक्षामा पिछडिएको देखिन्छ। उपचार तर्फ हेर्दा झारफुक तथा धामी झाँक्री प्रतिको विश्वास भन्दा आधुनिक चिकित्सा पद्धतिलाई बढी विश्वास गरेको पाइन्छ। समय र परिस्थिती अनुसार भेषभुषा, भाषा, संस्कृति, चाडपर्व र परिवारको किसिम एकात्मक परिवारमा नै बृद्धि भएको पाइयो। आर्थिक क्षेत्रलाई हेर्दा खेरी अन्य क्षेत्रका तामाङ समुदायमा भन्दा राम्रो तर समय र ठाउँ अनुसारको भने त्यती धेरै सन्तोष गर्ने ठाउँ छैन्। त्यसै गरी बाटोघाटो सुविधालाई राम्रो नै भन्न सकिन्छ तर पानीको हकहरुमा भने त्यती सुविधा देखिदैन। यस क्षेत्रमा तामाङहरु बुद्ध धर्म मान्ने भए तापनि हिन्दु धर्मको प्रचुर प्रभाव परेको देखिन्छ। तामाङ समुदायमा जातिय आत्मियता को भावनामा दिनानुदिन बृद्धि भईरहेको देखिन्छ। जातिय भाषाको साथ साथै नेपाली भाषाको प्रचलनमा बृद्धि आएको छ। सामाजिक सहयोग जस्तो आपत विपत परेको बेलामा सरसहयोग गर्ने पवितृमा पनि निरन्तर बृद्धि भईरहेको भएपनि अैचोंपैचोंको संस्कारमा चाहिं गिरावट भईरहेको छ। चुनावमा उम्मेदवारको रुपमा १ जना भएतापनि मतदानमा पूर्ण रुपमा भाग लिई राजनीतिमा चासो देखाएको पाइएको छ।

## ७.३. सुझाबहरु :

यस अध्यनन क्षेत्रको प्राप्त तथ्याङ्क अनुसार निष्कर्ष पश्चात यस तामाङ समुदायलाई हेर्ने दृष्टिकोणबाट आधारभुत आवश्यकता समृद्धि तथा उन्नति गर्नको लागि हेर्ने सभ्य समाज ब्यक्ति, सामाजिक निकाय, तथा विभिन्न किसिमका गैरसरकारी संस्थाको महत्वपूर्ण भूमिका तथा योगदानको आवश्यकता रहेको छ। तामाङ समुदायलाई विकास गर्न र ब्यवसाय गर्नको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न अति आवश्यक रहेको छ।

१) तामाङ समुदायको संस्कृतिको संरक्षण र सम्वर्द्धनको लागि नेपाल सरकाले वैज्ञानिक ढंगबाट सुक्ष्म रुपमा सांस्कृतिक अध्ययन गर्नुपर्ने देखिन्छ । जसले गर्दा उनीहरुको संस्कृति संरक्षण एवं सम्वर्द्धन गर्नमा महत्वपूर्ण योगदान पुग्नेछ ।

२) तामाङ समुदायमा शैक्षिक चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । शिक्षा जस्तो महत्वपूर्ण क्षेत्रमा यस जातिलाई सक्रिय गराउन पर्ने देखिन्छ ।

३) आर्थिक उन्नतिको लागि यस जातिलाई विभित रोजगार मुलक शीप र तालिम प्रदान गरी आयमुलक कार्यक्रममा समावेश गराई गरिवी घटाउनु पर्दछ ।

४) नेपाल सरकारले विकेन्द्रिकरण नीति अवलम्वन गरी स्थानिय स्वयात्तशासनको माध्यमबाट स्थानिय स्तरमा आवश्यक विकास कार्यलाई सुचारु रुपले संचालन गर्न स्थानिय जातिलाई सचेत र जागरुक गर्नृ पर्ने देखिन्छ । जसले गर्दा स्थानिय जनता स्वंय उक्त विकास कार्यमा संलग्न भै कार्य सम्पन्न छिटोर छरितो तरिकाले गर्न सम्भव हुन्छ ।

५) अन्तरराष्ट्रिय गैरसरकारी संस्था तथा स्थातिय गैरसरकारी संस्थालाई यस क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्न प्रोत्साहन तथा हौसला प्रदान गर्नु पर्ने देखिएकोछ ।

६) परम्परागतरुपमा चल्दै आएका विवाह, चाडपर्व, छेवर, मृत्यु संस्कार, तथा अन्य कार्यमा गर्दै आएको फजुल खर्चमा कटौती गरी उक्त रकम बचत गर्ने बानीमा विकास गराउनु पर्ने देखिएको छ ।

७) मादक पदार्थ जस्तो, जाँड, रक्सी, जस्ता पेय पदार्थमा कमी ल्याउनु पर्ने तथा नियन्त्रण गर्नु पर्ने देखिएको छ ।

८) यस जातिको सामाजिक, आर्थिक रुपले विकास गर्न समुदाय लक्षित विशेष आर्थिक कार्यक्रम लागु गर्नुपर्दछ ।

९) नेपाल सरकारले आदिवासी जनजातिको विकास गर्न स्थापना गरेको आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानलाई थप साधन स्रोत सम्पन्न बनाईनु पर्दछ ।

१०) आदिवासी जनजातिका समस्याहरु पहिचान गरी उनीहरु भाषा, संस्कृति, परम्परागत कानुनी व्यवस्था लिपिको पहिचान गरी संरक्षण गर्ने अधिकार सम्पन्न आदिवासी जनजाति आयोग गठन गरिनु पर्दछ ।